# हर्कजंगसिंह छेत्री

लक्ष्मण श्रीमल



N
891.491 092
C 429 S

साहित्यका

N
891.491092
C429S

अस्तरमा छापिएको मूर्तिकलाको प्रतिरूप यो दृश्य राजा शुद्धोधनको महलको हो, जसमा तीनजना भविष्यवक्ताहरूले भगवान बुद्धकी आमा, रानी मायाको सपनाको अर्थको व्याख्या गरिरहेछन् । मुनिपट्टि मुंशीजी बसेका छन् अनि उनी व्याख्याको दस्तावेज लेखिरहेछन् । सम्भवतः भारतमा लेखन कलाको यो सबैभन्दा पुरानो अनि चित्रांकित अभिलेख हो ।

नागार्जुनकोण्डा, दोस्रो शताब्दी (ईस्वी)
सौजन्यः राष्ट्रीय संग्रहालय, नयाँ दिल्ली

भारतीय साहित्यका निर्माता

# हर्कजंगसिंह छेत्री

लेखक

लक्ष्मण श्रीमल

साहित्य अकादेमी

**Harkajang Singh Chhetri** : A monograph in Nepali by Lakshman Srimal on the Nepali author. Sahitya Akademi, New Delhi (1995), Rs. 15.

© साहित्य अकादेमी

प्रथम संस्करण : 1995

साहित्य अकादेमी

**प्रधान कार्यालय**

रवीन्द्र भवन, 35, फ़ीरोज़शाह मार्ग, नयाँ दिल्ली 110 001

विक्रय विभाग : 'स्वाति', मन्दिर मार्ग, नयाँ दिल्ली 110 001

**क्षेत्रीय कार्यालय**

जीवनतारा बिल्डिंग, चौथो तल्ला, 23 ए/44 एक्स.,
डायमंड हार्बर रोड, कलकत्ता 700 053

304–305, अन्ना सलाई, तेनामपेट, मद्रास 600 018

172, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, बम्बई 400 014

ए डी ए रंगमन्दिर, 109, जे. सी. मार्ग, बैंगलोर 560 002

मूल्य : पन्द्रह रुपियाँ

ISBN 81-7201-796-0

लेज़र-सैटिंग वैलविश पब्लिशर्स, पीतमपुरा, दिल्ली 110 034

प्रिंटर्स : सुपर प्रिंटर्स, दिल्ली 110 051

891.491 092
C 429 S

Indian Institute of Advanced Study
116977
8/12/04

Library IIAS, Shimla
N 891.491 092 C 429 S
00116977

# विषय–सूची


| | |
|---|---|
| हर्कजंगसिंह छेत्री र उनको संक्षिप्त जीवनी | 7 |
| राष्ट्रवादी कविको रूपमा हर्कजंगसिंह छेत्री | 14 |
| निबन्धकार हर्कजंगसिंह छेत्री | 23 |
| गीतकार र संगीतकार हर्कजंगसिंह | 30 |
| हर्कजंगसिंह छेत्रीको काव्य–प्रतिभा | 35 |
| उपसंहार | 62 |

# हर्कजंगसिंह छेत्री र उनको संक्षिप्त जीवनी

साहित्य सृजना गर्नेहरूका आ–आफ्नै व्यक्तित्व र युग हुन्छ । कोही साहित्यकारहरू बाल्यकाल देखिनै प्रतिभ लक्षणहरू लिएर साहित्य–सृजनामा लागेका हुन्छन् भने कोही युवा अवस्थामा आइपुगेर कुनै घटना वा दुर्घटनावश आवेशमा उत्साह, उमंग, उन्माद, विरह–वेदना, पीर–मर्का आदि व्यक्त–गर्ने आधार खोज्दा साहित्यकार बन्न पुग्छन् । तर साहित्य–सृजना भावना र कल्पनाको सापेक्षित रूप भए तापनि आधुनिक कालका साहित्य–स्रष्टाहरू समसामयिक साहित्य–सृजनाको दिशामा तुलनात्मक अध्ययन एवं गहकिला चिन्तन र मननबाहेक अनुभवको आधारमा प्रौढ़ अवस्थामा पुगेर कार्यरत रहेका पाइन्छन् ।

हर्कजगसिंह छेत्रीको लेखनकालको विशेषता उनको जीवनको उत्तरकालीन अवस्थामा पाइन्छ । काव्य–शिल्पको परिपाटी हेर्दा उनको लेखनशैली पारसमणि प्रधान, धरणीधर कोइरालाका लेखनशैलीसित मिल्दोजुल्दो भएर जनसमक्ष अभिव्यक्त भएको पाइन्छ । शास्त्रीय परिपाटीलाई अपनाएका हर्कजंगसिंह छेत्री नेपाली साहित्यमा गद्य कविताले स्वाधीन अभिव्यक्तिको गोरेटो खोज्दै प्रचलित भइरहेको समयमा आइपुगेर छन्दोवद्ध कवितामा चिन्तन र चेतनाको अभिव्यक्ति पोख्दै आफ्नो छुट्टै ठाउँ ओगट्न आइपुग्छन् । प्रौढ़ अवस्थामा साहित्यको उद्यान सजाउन अग्रसर भएको हर्कजंगसिंह छेत्रीको कृतित्वको योगदान कम भए तापनि जे जति भाषा–साहित्य, समाज, जाति एवं देशको निम्ति प्रदान गरेका छन् त्यही यथेष्ठ छ ।

भारतीय नेपाली वाङ्मयको इतिहासमा कविता साहित्य विधामा विशेष छन्दोवद्ध कविताका शिल्पी हर्कजंगसिंह छेत्रीको जन्म अप्रैल १ तारीक, सन् १९०३ मा खरसांगको पार्क लोकेशनमा भएकोथियो । उनी सन् १९२२ मा दार्जीलिंग सरकारी विद्यालयबाट तत्कालीन दशौं कक्षाको अन्तिम जाँच प्रवेशिका प्रथम श्रेणीमा उत्तीर्ण भएर आफ्नो परिवार, समाज एवं विद्यालयका गौरव साबित भएका थिए । त्यसताक दार्जीलिंग भेकका नेपाली समाजमा शिक्षा महत्वपूर्ण विरूवाको रूपमा पलाउन लागेको थियो । गाँस र बासको प्रयोजनले ग्रसित समाजमा श्रमजीवीको संख्या अधिकांश भएको हुँदा केही चेतना पलाएका आर्थिक सम्पन्न परिवारहरू मात्र शिक्षा आर्जनको निम्ति अग्रसर हुन्थे । तत्कालीन शिक्षा–प्रणालीमा नेपाली भाषामा शिक्षा दिने चलन थिएन । नेपाली भाषालाई प्राथमिक

स्तरमा मान्यता दिलाउन तथा दार्जीलिंगका नेपाली समाजमा शिक्षाको स्तरलाई दरिलो वनाउनमा जुटेका चेतनशील महानुभावहरूले अंग्रेज शासकहरूसंग कठिन संघर्ष गरिरहन परेको थियो । यस्तो अवस्थामा नेपाली समाजको कुनै विद्यार्थीले प्रथम श्रेणीमा प्रवेशिका परीक्षामा उत्तीर्ण हुनु कम गर्वको कुरा थिएन । यस्ता विद्यार्थीहरूलाई जनताले धुमधाम अभिनन्दन गर्थे । हर्कजंगसिंह छेत्रीलाई पनि उनको गौरवमय सफलताको निम्ति अभिनन्दन गर्न मान्छेले तान्ने रिक्शामा चड़ाएर मानिसहरूले फूलका मालाहरू पहिराएका थिए । हर्कजंगसिंह जुन समयमा प्रवेशिका उत्तीर्ण भएका थिए त्यो समय सारा भारतवर्षमा शैक्षिक जागरणको समय थियो ।

सारा भारतवर्षमा महात्मा गान्धीको असहयोग आन्दोलन व्यापकरूपमा फैलिरहेको थियो । भर्खर समाप्त भएको पहिलो विश्व युद्धले जन्माएको प्रतिक्रियाबाट विश्वको विभिन्न राष्ट्रहरूका मानिसहरूमाझ राष्ट्रप्रेमको भावना प्रवल भइररहेथ्यो । फलस्वरूप विश्वभरि राष्ट्रहरूको चेतना र प्रगतिको आधार शिक्षा हुन लाग्यो । भारतवासीहरूमाझ पनि यस्तो चिन्ताधारा अछूत भएर रहन सकेन । तर ब्रिटिश साम्राज्यवादीबाट भारतवर्षमा शिक्षित युवावर्गलाई जागीर दिएर स्वाधीनता संग्रामको प्रवाहबाट अलग गराउने प्रयत्न भइरहन्थ्यो । आफ्नो शोषणको चक्रव्यूह चलाएर गरीबी र अशिक्षित तयार गरिएको परिवेशमा आर्थिक परिस्थितिको चेपारोमा परेका शिक्षित युवावर्गको निम्ति सरकारी नोकरीमा भर्ना भएर जीवन निर्वाह गर्ने उपाय–बाहेक अर्को विकल्प थिएन । यस्ता युवाहरू माझ जस–जससित केही मात्रामा भए पनि साहित्यप्रति अभिरूची रहन्थ्यो वा देश–प्रेमको भावना रहथ्यो, उनीहरूले कि ता नोकरीका निम्ति आफ्नो भावनालाई दबाउन पर्थ्यो कि ता सरकारी सहुलियतबाट बञ्चित रहनुपर्थ्यो । सरकारी नोकरी सिवाय जीवन निर्वाहको कुनै विकल्प नभएका अधिकांश युवाहरूले आफ्नो चेतना र चिन्तनमा लागेको ज्वालालाई दबाएर स्वाधीनता प्राप्तिको प्रतीक्षामा बाँच्न बाध्य हुन पर्‍यो । हर्कजंगसिंह छेत्रीको युवाकालको परिस्थिति यही थियो ।

हर्कजंगसिंह छेत्री आफ्नो बाल्यकाल र किशोरावस्थामा एकदमै चञ्चल र उपद्रवी स्वभावका थिए भनिन्छ । उनी नक्कल पार्न खूबै रुचाउँथे । सधैं आफूलाई नौलो रूपमा खोज्ने हर्कजंगसिंह युवतीहरूसित प्रेमलीला रच्न र उनीहरूलाई सताउनमा चाख लिन्थे भन्ने पनि भनाइ छ । उनका पिता नक्कले सरदार खूबै रसिक मानिस थिए अनि नेपाली लोकगीत र लोक नृत्यमा अति नै चासो राख्ने हुँदा हर्कजंगसिंहमा पनि यसको गहिरो प्रभाव परेको थियो । वंशगत आफूमा परेको प्रभावलाई अझ दरिलो बनाउन उनी अझै खटे अनि उनको व्यक्तित्वमा संगीतको गहिरो छाप बस्यो । युवा अवस्थामा उनी संगीत टोली लिएर धार्मिक अनुष्ठान, विवाह र अन्य समारोहहरूमा मानिसहरूलाई मनोरञ्जन दिन पुग्थे ।

हर्कजंगसिंहले प्रवेशिका उत्तीर्ण भएपछि कला लिएर उच्च शिक्षा हासिलगर्न कलेज भर्ना भइसकेका थिए तर उनको भाग्यमा यो लेखिएको थिएन । ब्रिटिश सरकार अधीनस्थ डाक एवं तार विभागमा किरानीको जागिरीमा उनले भर्ना हुनु पर्‍यो । हर्कजंगसिंहको उमेर चौवीस वर्ष पुग्दा कुमारी सुभद्रा राईसित उनको विवाह भयो । सुभद्रा राइ एक दक्ष सितारवादक थिइन् भन्ने भनाइ छ ।

हर्कजंगसिंहले विवाह गरेको समय उच्च शिक्षाको धारणा हुर्कंदै गरेको भए तापनि अल्प–शिक्षित र अशिक्षितहरूको संख्या अधिकांश भएको हुँदा जातपात, अन्ध–विश्वास एवं छुवाछुाको प्रथा नेपाली समाजमा प्रवल थियो । तर हर्कजंगसिंहले नेपाली समाजको अन्तर–जातमाझ विवाह गरेर एउटा आदर्श नमूना पेश गरे । यो उनको प्रगतिशील धारणा ठहरिन गयो अनि गृहस्थी जीवनमा जीवन–संगिनी आफ्नै रूचिको हुनुपर्छ भन्ने धारणालाई सफल तुल्याउनमा पूर्वाग्रहमा बाँचेका नेपाली समाजको निम्ति उनको यो अठोट चुनौती हुन गयो ।

हर्कजंगसिंहले सुभद्रासित एक संगीत–प्रेमीको रूपमा आफ्नो प्रतिभालाई अझ दरिलो बनाउने उद्देश्यले मात्र–घर व्यवस्थित राखेनन् तर एक आदर्श पतिको दायित्व पनि पालन गरे । हर्कजंगसिंह दुइ छोरा र एक छोरीका धनी भए । जेठा बहादुरजंगसिंह, कान्छा निरेन्द्र मोहनजंगसिंह र छोरी शीला जंगसिंह लाई उचित शिक्षा दिनमा हर्कजंगसिंह कहिले पछि रहेनन् । हर्कजंगसिंहको यो सुसंस्कृत परिवारले आफ्नो आनन्दमय जीवनमा एकार्का माझ पारिवारिक नाता कसिलो बनाउँदा बनाउँदै एक दिन अन्धकारले छोप्यो । सन् १९६0 मा सुभद्रा आफ्ना पति, छोराहरू र छोरीलाई दुःखको सागरमा छोड़ी राखेर स्वर्गवास भइन् । यस दुर्घटनाले केही कालको निम्ति हर्कजंगसिंह हतोत्साही भए तर यस क्षतिमा आफूलाई विरही बन्न दिएनन् । यस क्षतिको विकल्पमा आफ्नो–सांस्कृतिक प्रतिभालाई अग्रसर गराउने बाटो पाए । १९६१ मा हर्कजंगसिंहले डाक एवं तार विभागबाट पोस्ट मास्टरको रूपमा अवकाश ग्रहण गरे । दार्जीलिंग पहाड़ी क्षेत्रमा पोस्ट मास्टरको दर्जामा पुग्ने उनी प्रथम व्यक्ति थिए । उनी आफ्नो दफ्तरभित्र अतिनै कड़ा व्यक्तित्व भएका साथै अनुशासनका कट्टर थिए तर मानवताको नातामा अति दयालु प्रकृति र कोमल हृदयका थिए । फलस्वरूप आफ्नो जागीरकालभित्र उनीप्रति दुर्व्यवहारको आरोप लाउन कसैले आँट गर्न सकेन ।

हर्कजंगको बाल्यकालमा नेपाली भाषा र साहित्यको व्यापक विकास हुन सकेको थिएन । शिक्षाको क्षेत्रमा प्राथमिक स्तरमा पनि नेपाली भाषामा शिक्षा दिने व्यवस्था थिएन । नेपाली भाषी विद्यार्थीवर्गले हिन्दी वा बंगाली भाषालाई मातृभाषाको रूपगा अध्ययन गर्नु पर्थ्यो ।

हर्कजंग हिन्दी साहित्यका पुस्तकहरू औधी पढ्थे । हिन्दी भाषाको राम्ररी अध्ययन भएपछि उनले आफ्नो मातृभाषामा पनि केही गर्ने अठोट गरे । हर्कजंगसिंहकै भनाइ अनुसार हिन्दी साहित्यको प्रेरणा पाएर उनले युवाकालमा नै नेपाली भाषामा श्लोक लेख्न थालेका थिए । उनले त्यसताक धेरै कविताहरू कोरेका थिए तर प्रकाशित हुन पाएन । दार्जीलिंग र काशीवाट नेपालीमा प्रकाशित हुने सामयिक संकलनहरू धुरन्धर पण्डितहरूका रचनाहरू विशेष हुने हुँदा सिकारू कलमले स्थान पाउन गाह्रो पर्थ्यो । हर्कजंगसिंहको साहित्यिक गतिविधिमा यस्तै तीतो–टर्रो अनुभवहरू शुरु–शुरुमा देखा पर्‍यो । हर्कजंगसिंहको साहित्य सृजनकालमा एकातिर पूर्वीय परम्परामा बाँधिएर उत्तम ठहरिएका नेपाली भाषाका लेखकहरूले साहित्यमा अध्यात्मवाद र नैतिक शिक्षालाई प्रश्रय दिएका थिए भने औंलामा गन्न सकिने पश्चिमी साहित्यबाट प्रभावित लेखक कविहरूले नयाँ शैलीको सृजना गर्ने अठोट गरिरहेका थिए । यसरी नेपाली भाषामा दरिलो साँध नभएको साहित्य लेखन–कालमा हर्कजंगसिंह अल्मलिनु स्वाभाविक नै हो । तर हर्कजंगसिंह हतोत्साही भएनन् । उनले आफ्ना कृतिहरू प्रकाशित गर्नको सट्टा लेख्दै राख्न लागे । आफ्नो लेखनमा परिपक्वता नआएसम्म प्रकाशित नगर्ने निर्णय लिएर हर्कजंगसिंहले आफ्नो अध्ययन जारी राखेको बुझिन्छ । उदाहरणार्थ हर्कजंगसिंह साहित्य सृजनमा लागेको काल हेर्दा त्यसताक पारसमणि प्रधानको सम्पादनमा खरसांगवाट 'चन्द्रिका' भन्ने साहित्य संकलन प्रकाशित भइरहेथ्यो अनि यस पत्रिकामा नेपाल र भारतका, अग्रगण्य लेखकहरूका लेख, कविहरूका कविता आदि समावेश पाइन्छन् तर हर्कजंगसिंहको कुनै रचना पाइँदैन । तर उनका रचनाहरू सेतो कागजका पन्नाहरूमैं सीमित रहेको थियो । हर्कजंगसिंह छेत्रीमा आएको यस जागरूकताको सामु अर्को एउटा समस्या थियो । बाध्यतावश ब्रिटिश सरकारको नोकरी समातेपछि हर्कजंगसिंहभित्र पलाएको सचेतता लथालिंग भयो । यहीताक भारतवर्षभरि महात्मा गान्धीको असहयोग आन्दोलनको दुन्दुभि वजिरहेको थियो । दलवहादुर गिरी दार्जीलिंग पार्वत्य क्षेत्रमा असहयोग आन्दोलन र स्वाधीनता संग्रामको मर्म बुझाउन सक्रिय थिए र भारतवर्षको अन्यान्य क्षेत्र देखि अलग राखेर पृथक्क्षेत्र (Secluded Area) घोषणा गरिएको दार्जीलिंग पार्वत्य क्षेत्रप्रति ब्रिटिश सरकारको विशेष ध्यान रहेको हुँदा यस क्षेत्रमा असहयोग आन्दोलन र स्वाधीन संग्रामको भावनालाई फैलिन नदिन सरकार सक्रिय रहेको थियो । अर्कापट्टि ईशाई धर्मावलम्बी संस्थानहरू धर्म प्रचारको नाममा मानिसहरूलाई भारतवर्षको स्वाधीनता संग्रामको भावना र महात्मा गान्धीको आह्वानदेखि वञ्चित गराउनमा व्यस्त थिए । फलस्वरूप सरकारी सेवामा सेवारत मानिसहरूले आ–आफ्ना प्रतिभा तथा देश, समाज, र स्वाधीनता संग्रामी विचारधारालाई सरकारको नोकरी आचारऐनको बन्धनमा परेपछि त्याग्नुपर्थ्यो साथै आर्थिक चाप र पारिवारिक सुरक्षाको निम्ति शिर झुकाउन वाध्य हुन पर्थ्यो ।

हर्कजंगसिंहले आफ्नो युवाकालमैं साहित्य–सृजनका आभा प्रकाशमा ल्याउने प्रयत्नमा लागिसकेका भए तापनि उनको अघि जागिरीको बाध्यता थियो । उनले आफ्नो साहित्यिक प्रतिभालाई फाइलहरूमै सीमित राख्नु पर्‍यो तथा जाति, समाज एवं स्वदेशप्रति जागरूक भएका भावनालाई केही कालको निम्ति आफूभित्रै गुम्साएर राख्नुपर्‍यो । यस कालमा उनी साहित्यको अध्ययनमा लागे ।

नेपाली समाजमा अध्ययनक्रमतर्फ सचेत हुने व्यक्तिहरूको संख्या नगण्य भए पनि ती नगण्यमध्ये पनि हर्कजंगसिंह एक थिए । आफ्नो भाषाका पुस्तकहरूको त्यति सहुलियत नहुँदा र आफ्नो भाषामा उपाधिवर्द्धक कुनै परीक्षाहरू नहुने हुँदा हिन्दीलाई राष्ट्रीय भाषाको रूपमा आत्मसात गरेर हिन्दीकै साहित्यिक पुस्तकहरूका अध्ययनमा उनी एकाग्र भए । उनी दिनरात अध्ययनमा लागिरहन्थे । फलस्वरूप आफ्नो अन्तरतहमा छटपटाइरहेको शैक्षिक जिज्ञासालाई साकार तुल्याउन उनी अखिल राष्ट्रीय हिन्दी विद्यापीठबाट विशारद, साहित्यरत्न एवं साहित्य–अलंकार जस्ता परीक्षाहरू प्रथम श्रेणीमा उत्तीर्ण भए । उनले साहित्य–अलंकार प्राप्त गर्दा दार्जीलिंग जिल्लाबाट प्रकाशित हुने त्रयमासिक साहित्यिक संकलन 'भारती' को वर्ष ७ संख्या ५ मा यो सुखद संवाद छपिएको थियो–"खरसांगका नेपाली साहित्यभूषण श्री हर्कजंगसिंह छेत्रीज्यू विशारद, साहित्यरत्नले अखिल राष्ट्रीय हिन्दी विद्यापीठको साहित्यालङ्कार परीक्षा प्रथम श्रेणीमा पास गर्नु भयो । बाह्रौं दीक्षान्त समारोहको शुभ अवसरमा हिन्दी विद्यापीठले उहाँलाई ससम्मान साहित्यालङ्कारको उपाधि एवं उपाधिपत्र प्रदान गर्‍यो । नेपालीहरूमा हाम्रो जिल्लाबाट साहित्य अलङ्कारको उपाधि प्रथमोप्रथम प्राप्त गर्ने श्री हर्कजंगसिंह छेत्रीज्यूलाई हाम्रो हार्दिक बधाई छ । श्री छेत्रीज्यूलाई 'भारती' को नियमित लेखकको रूपमा नेपाली शिक्षित जनताले चिनिसकेका छन् ।" यही सम्बादलाई कालिम्पोंगबाट प्रकाशित हुने अंग्रेजी बुलेटिन 'हिमालयन टाइम्स'ले पनि प्रकाशित गरेको थियो । सन् १९५१ मा साहित्यालङ्कारको उपाधिद्वारा सम्मानित भइ सक्दासम्म हर्कजंगसिंहका कतिपय कविताहरू प्रकाशित भइ सकेका थिए ।

झण्डै आफ्नो उमेरको चौथो दशकको अन्तिम चरण देखि पाँचौं दशकको प्रथम चरणमा हर्कजंगसिंहका काव्य–साधना नै प्रमुख धारा भएतापनि निबन्ध लेखनमा पनि उनको योगदान उल्लेखनीय रहेको छ । सम्पूर्ण नेपाली साहित्यका रचनाहरू हेर्दा हर्कजंगसिंह छेत्री आफ्नो छुट्टै स्थान लिएर भारतीय नेपाली भाषी समाजका मार्गदर्शक साहित्यकारको रूपमा उभिन्छन् । उनका कविता एवं निबन्धहरू सम्पूर्ण नेपाली समाजलाई प्रगतिशील सामाजिक धरातलमा प्रतिष्ठा गर्ने अभिप्रायःले लेखिएको पाइन्छ । अन्तरतहभित्र परिलक्षित यस्ता विकाशमूलक अटल उद्देश्यलाई ध्यानमा राखी लेखन–कार्यमा निरन्तर लागेका हर्कजंगसिंह छेत्रीले आजीवन लगनशील भएर कलम दौड़ाइरहे । ब्रिटिश सरकारको जागीरे भएको हुँदा आफ्नो साहित्यिक प्रतिभालाई तीन दशक सम्म प्रकाशनमा ल्याउन

नसके पनि उनले पछिल्लो लगभग अढ़ाई दशक (१९४९–७५) भित्र आफ्नो साहित्यिक व्यक्तित्वलाई प्रकाशमा ल्याउन सफलता पाए ।

हर्कजंगसिंह छेत्रीको पहिलो कविता 'जय भारती' बाबु पारसमणि प्रधानद्वारा सम्पादित त्रयमासिक पत्रिका 'भारती' मा सन् १९४६ मा प्रकाशित छ । पूर्वीय काव्य शास्त्रको राम्रो अध्ययन भएका हर्कजंगसिंह छेत्रीका शुरूआतका कविताहरू विशेष गरी छन्दोवद्ध रूपमा पाइन्छ । 'भारती' मा प्रकाशित कवितावाट प्रेरित भएपछि उनका अन्य कविताहरू क्रमैसित गोर्खा, साथी, हाम्रो कथा, प्रभात, स्वतन्त्र नेपाली, प्रगति, नेपाल पुकार, आदर्श, जाग्रत गोर्खा, जनदूत, कन्चनजङ्घा, सैनिक समाचार आदि पत्र–पत्रिकाहरूमा प्रकाशित हुनथाले ।

छन्दोवद्धमा रचना भए पनि उनको अभिव्यक्तिमा देखा परेका आधुनिक विचारधारा र माननीय आदर्शले जनजीवन माझ प्रभावोत्पादक भएर प्रंशसनीय स्थान ओगट्न लाग्यो । उनको छन्दोवद्ध कविता लेखनमा पूर्वाग्रह नै यथेष्ठ मात्रामा रहे तापनि कवितामा मानव स्वभाव र चेतनालाई नै अग्रसर गराउने प्रयत्नहरू पाइन्छ । मानव स्वभावलाई गहिराइबाट हेर्न चाहने कविको कलम नयाँ युगको हाँकसित काँध मिलाउन गद्य कवितातिर पनि अग्रसर भएको पाइन्छ । निवन्धहरूमा समेत उनले विश्वका मानवहरूलाई गहनतापूर्वक अध्ययन गर्ने चासो लिँदै उनीहरूका सांस्कृतिक जीवनको गरिमालाई भित्र्याएर आफ्नो जातिलाई दूषित वातावरणवाट उन्मुक्त रहने आह्वान गरेका छन् ।

हर्कजंगसिंह छेत्रीको काव्य–साधना र निबन्ध–लेखनले समाजको उत्थानको दिशामा एक महत्वपूर्ण भूमिका खेलेको छ । हर्कजंगसिंह जस्ता नेपाली साहित्यका सच्चा सेवकले बहत्तरवर्षको उमेरसम्म साहित्य र संस्कृतिको विकाशमा निरन्तर सेवा पुर्याइरहे । उनको जीवनका अन्तिम दुइदशकमा भने कहिले नैराश्यले, कहिले प्रेरणाको खोजमा अनि कहिले जीवन–संग्राममा सागरको छाल जस्तो उतार–चड़ाउ देखिन्छ । प्रथमतः सरकारी जागीरबाट अवकाश प्राप्त गर्नअघि नै आफ्नो जीवन–संगिनी सुभद्राको मृत्युले उनको जीवन दुःखको सागरमा डुबेको थियो । सरकारी जागीरबाट पनि अवकाश प्राप्त गरेपछि उनी निज जीवनमा एकान्त र एक्लो अनुभव गर्न लागे र यो एकान्तपनलाई कम गर्न व्यासट्ठी वर्षको उमेरमा लक्ष्मी नाम गरेकी विधवालाई दोस्रो पत्नीको रूपमा विवाह गरे ।

जीवन–संग्रामंको नाना प्रकारका स्थितिहरू सित जुझ्दै लेखनप्रति लगनशील रहेका हर्कजंगसिंह आफ्नो अन्तिम जीवन बिताउन दार्जीलिंग जिल्लाको सोनादह अन्तर्गत पर्ने पच्याङ बजारमा बसाइँ सरे । व्यक्तिगत जीवनका यातनाहरू जतिनै कठिन भए पनि हर्कजंगसिंह साहित्यिक प्रतिभालाई आफभित्रै गुम्साएर राख्ने स्वभावका थिएनन् । जीवनको अन्तिमकालतिर पनि उनका रचनाहरू बाडुली, चौतारा, दियालो, दीयो, अस्तित्व,

गोर्खा,बांसघारी, गुराँस आदि पत्रिकामा प्रकाशित भएको पाइन्छ ।

अध्यात्मवाद र प्रकृतिप्रतिको प्रेममा ठूलो आस्था रहेका हर्कजंगसिंहले हिन्दी भाषामा पनि कविता कोरेको पाइन्छ । तो कविताहरू प्रकाशित भएका हिन्दी पत्रिकाहरू हुन् विश्वमित्र र हिमाचल । पुस्तकाकारमा आजसम्म हर्कजंगसिंहका उपलब्ध कृतिहरू हुन्–'हिमालय' (कविता संकलन) अनि 'छन्द–अलंकार–रस प्रवेशिका' । तर तिनका अधिकांश रचनाहरू पत्र–पत्रिकाहरूमा नै प्रकाशित छन् । आफ्नो अन्तिमकालसम्म पनि गृहस्थीभन्दा साहित्यिक प्रतिभा–सम्पन्न हर्कजंगसिंह नेपाली भाषा, साहित्य र समाजको समृद्धिको सपना हेर्दा–हेर्दै सन् १९७५ को २२ मार्चको दिन बहत्तर हिउंदो पार गरेर स्वर्गवास भए । शेष जीवनसम्म पनि आफ्नो जीवनका उत्तरार्द्धका कविता–संकलन 'पञ्चामृत' प्रकाशित गर्ने उनको धोको अधुरो नै रह्यो । चाहे युवा अवस्थामा होस् वा अवकाश ग्रहण कालमा, बिहान–बेलुकी नै दुइतीन किलोमिटर हिंड्डुल गर्ने हर्कजंगसिंह खूबै फरसाइलो र उत्साही स्वभावका थिए । वलिया एवं स्वस्थ शारीरिक गठनका हर्कजंगसिंह झट्ट हेर्दा कवि स्वभावको नलाग्दो भए तापनि उनमा कविता लेखनको राम्रो प्रतिभा थियो । छन्दोबद्ध कवितामा नै प्रतिष्ठा कायम गरिसकेका हर्कजंगसिंहले आफ्नो जीवनको उत्तरार्द्धमा गद्य–कविताको आंशिक छाप पनि छोड़ीगएका छन् ।

# राष्ट्रवादी कविको रूपमा हर्कजंगसिंह छेत्री

पहिलो विश्वयुद्धले जन्माएको राष्ट्रीय भावना र गान्धीजीको असहयोग आन्दोलनले परोक्ष रूपमा प्रभावित हर्कजंगसिंह छेत्री भारतवर्ष स्वाधीन हुनुभन्दा अघिनै ब्रिटिश साम्राज्यवादी सरकारको अधीनस्थ पोस्ट एण्ड टेलिग्राफको कारिन्दाको रूपमा जागीर खान लागेका थिए । उनमा समाज, जाति र राष्ट्रप्रति कति गहिरो श्रद्धा थियो त्यो उनका राष्ट्रीय भावनाले प्रेरित कविताहरूले स्पष्ट पारिरहेछन् ।

सयकड़ौं भारतवासीहरूले आफ्नो प्राणको आहुति दिएर हासिल गरेको स्वतन्त्रतापछि देशको मर्यादा राख्दै देशवासीप्रति आफ्नो उद्‌गार पोख्न हर्कजंगसिंह अधिकांश कविताहरूमा सजग छन् । उनले आफ्ना कविताहरूमा देशका गौरवमय उपलब्धिहरू प्रति अनुपम अनुराग राखेर देशवासीहरूलाई प्रेरणा दिने काम गरेका छन् । स्वाधीनता संग्रामकालमा कविताहरूको प्रकाशन नदेखिए तापनि स्वाधीनतापछि भने उनका देशभक्तिका धेरै कविताहरू प्राप्त छन् । सन् १९६५ मा प्रकाशित उनको प्रथम पुस्तक 'हिमालय' (कविता संकलन) मा परेका कविताहरू मध्ये हाम्रो प्यारो वंग प्रदेश, सैनिक, सन्देश, राष्ट्र–झण्डाप्रति, जयहिन्द, बंगवाणी, याचना, प्रतिज्ञा, हिमालयको आहवान आदिमा देश–भक्ति र राष्ट्रीयताको महत्व अभिव्यक्त भएको पाइन्छ । विश्वमा जहाँ कहीं स्वर्ग तुल्य स्थान होस् तर कविका आँखामा आफ्नो जन्मभूमि स्वर्गतुल्य हुने गर्दछ । अनि आफू बाँचेका वातावरण आ–आफ्ना भावनाका रंगीन कूचीहरूले मनोरम र सौन्दर्यपूर्ण तुल्याउन चुक्दैनन् । हर्कजंगसिंह पनि आफ्नो जन्म भूमि बंग–प्रदेशप्रति त्यही महिमा र गुणगान गर्न चुकेका छैनन् ।

कुनै पनि साहित्यानुरागी होस् वा कवि उसले आफ्नो जन्मभूमिलाई लालित्य र अन्तरतहको अनुरागले हेर्ने गर्छ भने त्यही हो स्वदेशको प्रेम र भक्ति । हर्कजंगसिंह आफ्नो कर्त्तव्य–पालनको दायित्वप्रति अतिनै सजग रहेका पाइन्छन् । उनको कविता 'हाम्रो प्यारो बंग–प्रदेश' मा बंगालको उत्तरखण्डमा बस्ने पहाड़वासी प्रति आस्था प्रकट भए तापनि स्पष्टरूपमा बंगालमा बस्ने नेपाली समाज नै हो जसले आफ्नो वीरताको गौरव संगालेर देशको निम्ति कर्तव्य परायणताको प्रण गरेको छ । तर कविले सम्पूर्ण बंगालवासीलाई समेत कवितामा नेताजी सुभाषको 'जय हिन्द' को नाराभित्र देशको सार्वभौमिकता वचाइराख्ने आग्रह गरेका छन् । कविता यस्तो छ–

हाम्रो प्यारो बंग–प्रदेश ।
हिमगिरिले शोभित केश
शीर्षमा महाकाल महेश
"कन्चनजङ्गा" छ कीर्ति अशेष
बंग ! तिम्रो मनोहर भेष
हाम्रो प्यारो बंग–प्रदेश ॥१॥

गंगा टिस्टा बंग सरिता,
शीतल शुभ्र हिमाद्रि सलिल,
मनोहर शैल छहरा मीर,
स्वच्छ सुरभित शैल समीर,
सुखधाम सरी हाम्रो देश ।
हाम्रो प्यारो बंग–प्रदेश ॥२॥

मनोहर दृश्य "कन्चनजङ्ग"
रंग–विरंग शैल विहङ्ग
कमनीय कुसुम अनेक रंग
गुन्जन मधुरो भमरा मृङ्ग,
ललित ललाम हाम्रो देश
हाम्रो प्यारो बंग–प्रदेश ॥३॥

मनोज्ञ सागर वंग–तरङ्ग
हर्षित बंग अङ्ग–प्रत्यङ्ग
चित्र–विचित्र मृग मातङ्ग
हिस्तक व्याहन मकर भुजङ्ग
छविमय अहो ! हाम्रो स्वदेश ।
हाम्रो प्यारो बंग–प्रदेश ॥४॥

बंग हिमाल सन्तान बीर,
देश–भक्त र सुशील सुधीर,
आवोस् कस्तै आपद पीर,

देश नहत निम्ति खुकुरी बीर,
हाम्रो प्राण, हाम्रो स्वदेश ।
हाम्रो प्यारो वंग–प्रदेश ।।५।।

सपूत क्रान्तिदूत सुभाष
थियो ठूलो वंगको आश
अमर ध्वनि "जय हिन्द ! जय हिन्द !"
हर्षित अहो ! आज गिरीन्द्र
हाम्रो गौरव, बंग–प्रदेश
हाम्रो प्यारो बंग–प्रदेश ।।६।।

बंकिम, विवेक, कवि रवीन्द्र
सुभाष भूषित वंग गिरीन्द्र
बंग देश हित निमित्त प्राण,
दिन तयार छ बंग सन्तान,
वीर धीरको हाम्रो देश ।
हाम्रो प्यारो बंग–प्रदेश ।।७।।

कवि हर्कजंगसिंह आफूभित्र रहेको स्वदेश--प्रेमको भावनालाई अभिव्यक्त गर्दा आफ्नो जीवनको सार्थकता राष्ट्र, समाज र जातिको हितार्थ मृत्युमा पनि गौरवमय ठान्छन् । 'सैनिक' कवितामा उनी देशको एक स्वाधीन सैनिकको रूपमा देशप्रति भक्ति र इमानदारिलाई यथार्थरूप दिँदा कहीँ समस्त देशवासीहरूका प्रतिनिधित्व गरिरहेका हुन्छन् भने कहीँ गान्धीजीको देशको हितको निम्ति प्राण समेत अर्पण गर्ने प्रण गर्छन् । 'सैनिक' कवितामा कवि हर्कजंगसिंहको उद्‌गार यसरी अभिव्यक्त हुन्छ–

छैन अब कसैको डरभर
आत्मा मेरो अजर अमर
सपूत म भारतको वीर
हुँ म सैनिक सुधीर ।।१।।

दिन्छु, शत्रुसरी धमास
गर्छु त्यसको सत्यानाश

हुँ वीर स्वदेशको रक्षक
हुँ म विश्व–शान्तिको पूजक ।।२।।

हुँ म गान्धीको परम भक्त,
सत्य–अहिंसामा अनुरक्त
स्वदेश नहित गर्छु अर्पण प्राण
सहम कछु अपमान ।।३।।

महात्मा गान्धीजीप्रति श्रद्धा र भक्ति अभिव्यक्त गर्दै सत्यको पथमा अग्रसर हुने संकल्पमा उनी दृढ़ छन् भन्ने भावना कविता 'हे बापू ! शतबार प्रणाम' कविताबाट स्पष्ट हुन्छ । यस कवितामा कवि हर्कजंगसिंह स्वयं गान्धीजीले देखाएका पथ अनुसरण गरी स्वदेशको निम्ति प्राण समेत अर्पण गर्न तत्पर रहेका पाइन्छन् । उनी आफ्नो व्यक्तिगत जीवनमा पनि गान्धीजीका एक परम भक्त थिए । कविता 'हे बापु ! शतबार प्रणाम !' मा गान्धीजीप्रति आफ्नो उद्‌गार र श्रद्धान्जलि यस प्रकार पोखिएको छ :–

अन्धकारमा, पथप्रदर्शक
दीन–हीनको, तिमी सेवक
कृषक श्रमिकको, तिमी मान,
शोषित जनमनको, भगवान्,
राख्यौ उच्च, भारतको नाम ।
हे बापू ! शतबार प्रणाम ।।१।।

दीन–हीनको गरी उद्धार
ऐक्य प्रेमको गरी प्रचार,
मानववादको गरी प्रसार,
गर्‍यौ जनमन एकाकार,
मातृभूमि भारतको, ललाम ।
हे बापू ! शतबार प्रणाम ।।२।।

त्यागी मोह, मान, सम्मान
दिई आफ्नो प्राण वलिदान
स्वतन्त्र पार्‍यौ, हिन्दुस्तान.

धन्य छ, बापू धन्य महान,
अजर अमर होस् तिम्रो नाम
हे बापू ! शतबार प्रणाम ॥३॥

पराधीनतावश सहनु परेको शोषण, अत्याचार र यातना कविले आफ्नो जीवनकालमा पनि खुवै तीक्ष्ण पीड़ाको रूपमा अनुभव गरेको बुझिन्छ । लाखौं भारतवासीहरूले आफूलाई ब्रिटिश सरकारको दुर्नीतिको परवाह नगरी शहीद भई स्वाधीनता संग्रामको बलिवेदीमा समर्पण गरेका थिए । रगतको खोला बगाएर प्राप्त गरेको आफ्नो स्वाधीन मातृभूमिको माटोमा उभिएर समग्र भारतवासीहरूलाई एकताको सुत्रमा बाँधिएर देशको निम्ति निज–निज दायित्व पूरा गर्ने र कर्म क्षेत्रमा कर्त्तव्यनिष्ठ बन्ने आह्वान गर्दै कवि हर्कजंगसिंह 'राष्ट्र झण्डाप्रति' कवितामा यसरी उद्‌गार पोख्छन् :–

राष्ट्र झण्डा भारतको अचल,
निर्मल गगनमा फहरावोस्
हृदयसिन्धुमा हामी सवैको
ऐक्य प्रेमको तरंग लहरावोस् ॥१॥
हाम्रो शुभ्रश्वेत हिमालयले
शीतल शान्ति जल बर्सावोस्
सभ्य संस्कृति पावन हाम्रो
हाम्रो गौरव गर्व दर्सावोस् ॥२॥
अमर रहोस् देश भारत हाम्रो
जनमनमा जय उत्साह भरावोस् ।
राष्ट्रीय ध्वजा फर्फर गर्दै
आवाज स्वाधीनताको सुनावोस् ॥३॥
शुभ्र हिम कन्चन शोभित भूमा,
सुख सम्पदा सौरभ फैलावोस्
सुरभित शैलसमीरणमा नित्य
झिलिमिलि तिरंगा लहरावोस् ॥४॥

देश–भक्तिको भावना अभिव्यक्त गर्दा कवि हर्कजंगसिंह छेत्री साँच्चै देशको एक सजीव सेनानी जस्ता देखिन्छन् । उनको आफ्नो जीनवकालमा व्रिटिश सम्राज्यवादीको अधीनस्थ सेवारत रहनु पर्दा उनको कवि–हृदयमा परेका कठोर घातहरूलाई उन्मुक्त

रूपमा आज स्वाधीनताको खुला आकाशमा जीवन अर्पण गर्दै उनी बलीवेदीमा समर्पण भएका वीर सेनानीहरूलाई गौरवको रूपमा स्वीकार गर्छन् एवं उनीहरूका कर्तव्य र निष्ठालाई राष्ट्रीय मर्यादा दिने पक्षमा बोल्छन् ।

कवि हर्कजंगसिंह छेत्रीको दृष्टिमा आफ्नो देश नै महान, विशाल र स्वर्गतुल्य हुने गर्दछ । जन्मभूमि जस्तो महान अरू हुन्न । 'जय हिन्द' कविताका केही पंक्ति हेरौं :–

स्वर्गात् अपि गरीयसी
जननी जन्मभूमि यो
रक्षार्थ मातृभूमिको
चढ़ाउ प्राण वीर हो !

यही कविताको अर्का एक ठाउँ कविजी एकातिर आफ्नो देशप्रेम र कर्त्तव्यप्रति निष्ठावान छन् भने अर्कोतिर देशको प्रगतिमा भाँजो हाल्ने शक्तिहरूसित शंकालू छन् । कवि आफ्नो दूरदर्शिताको परिचय दिँदै भन्छन् :–

निज देश समाज सपार अब
रिपू भारतको सब नाश गर ।

कवि हर्कजंगसिंह छेत्री आफ्नो देश भारतवर्षको पूर्वदेखि पश्चिमसम्म र उत्तरदेखि दक्षिणसम्म चारै दिशाको हरकुनामा, स्वाधीनताको महिमा उज्जवल भएको, पराधीनताबाट मुक्त भई स्वतन्त्रताको पवित्र पवनमा देशवासीहरूका उत्साह र उमंग हुर्कन लागेको हेर्न चाहन्छन् । भारतवर्षको स्वाधीनता संग्राममा सयकड़ौं नरनारीहरूले निज स्वार्थको परवाह नगरी रगतको खोला बहाएर हासिल गरेको स्वतन्त्रता देशवासीहरूको गौरवमय उपलब्धि हो । स्वाधीनता संग्राममा भारतमाताको निम्ति बलि भएका शहीदहरूप्रति कवि देशवासीहरूका दृष्टि आकर्षित गर्दै आफ्नो कृतज्ञता 'राष्ट्रिय आह्वान' मा यसरी प्रकट गर्छन् :–

सुकर्म धर्ममा लिप्त भै
अधर्मीसंग नडराऊ
कुकर्मको कण्टक पथमा
खुट्टा कैले नबढ़ाऊ ॥१॥
देशद्रोही दुष्ट दानव
शीघ्र नाश विनाश गराऊ ।

जननी भारतको मस्तक
उच्च उच्च सदा गराऊ ॥२॥
मनसा वाचा कर्मणा,
भारत–हित ध्यान लगाऊ ।
राष्ट्रीय हित निमित्त सदा,
अधीर धीर मन लगाऊ ॥३॥
जनमा अहिंसा परमोधर्म
बुद्धवाणी खुब फिंजाऊ ।
सत्य, अहिंसा, प्रेमपाठ
जन जनलाई खुव सिखाऊ ॥४॥
अवनी भारतको सेवार्थ
सप्रेम प्राणदान चढ़ाऊ ।
'जय हिन्द' शेख शव्दले
मान भारतको वढ़ाऊ ॥५॥
गरिमा गौरव स्वदेशको
होश, जोशले खुव बढ़ाऊ ।
त्रिवर्ण राष्ट्रीय केतु स्वतन्त्र
भारत–गगनमा फहराऊ ॥६॥
गांधी जवाहर सुभाष को
यही कीर्तन सदैव गाऊ ।
बंकिम विवेक रवीन्द्र को
पुण्यवाणी प्रभा फिंजाऊ ॥७॥

कवि हर्कजंगसिंह छेत्रीज्यूले स्वदेशको गरिमा र गौरवलाई उच्च राख्ने आह्वान संग संगै राष्ट्रीय विभूतिहरूलाई आफ्नो कविता धारामा श्रद्धाजलि अर्पण गरेका छन् । उनले 'हे बापू ! शतबार प्रणाम' सरह 'भारत विभूति पण्डित जवाहरलाल नेहरूप्रति' एवं 'क्रान्तिदूत सुभाष' जस्ता कविताहरूद्वारा राष्ट्रप्रतिको प्रेम र बलिदानको इतिहासलाई सजीव तुल्याउँदै देशभक्तिको मन्त्र देशवासीहरूमाझ छर्ने प्रयत्न गरेका छन् । उनले आफ्नो कविता 'भारत विभूति पण्डित जवाहरलाल नेहरूप्रति' श्रद्धान्जलिको रूपमा लेखेका छन् । यस कवितामा समस्त भारतवासीहरूलाई एउटा सन्तति भनिएको छ र यस्तो सन्ततिबाट एउटा प्रिय लाललाई कालले चुँडाईलगेको अभिव्यक्ति छ । अभिभावक सरह

रहेका प्रिय नेता नेहरूजीको मृत्युले भारतमाताका सन्तानहरू अनाथ जस्ता भएका छन् । स्वाधीनता संग्राम लड़ेर स्वाधीनता हासिल गर्नमा समर्थ भएका धीर पुरूष जवाहरलाल नेहरू भारतका एक नक्षत्र थिए । कविभित्रको व्याकुलता यसरी पोखिएको छ :–

सौभाग्य भारत महान नक्षत्र हाम्रो ।
झ्याप्पै निभेर जग यो हुन गो अँध्यारो ।।
पारी यहाँ सकल अस्त र व्यस्त भारी ।
एक्लो अनाथ टुहुरो जग शुन्य पार्‍यौ ।।३।।

पाएँ कहाँ अब जवाहरलाल हाम्रो ।
भारी भएर मन व्याकुल हुन्छ हाम्रो ।।
स्वाधीन भारत महान निशान हाम्रो ।।
हे शान्तिदूत जगको दिव्यहार हाम्रो ।।५।।

सामयिकता र देशको परिस्थितिको राम्रो नराम्रो विचार–मनन गर्ने बुद्धिजिवीको रूपमा कवि हर्कजंगसिंह देशलाई अगुवाइ गर्ने जवाहरलाल नेहरूप्रति ठूलो आस्था राख्छन् । यसैले कविताको एक ठाँउ उनी लेख्छन् :–

आई यहाँ निठुर काल सबै रूवाई ।
खोसी लग्यो प्रिय जवाहरलाल हाम्रो ।।

राष्ट्रीय हितको अघि आइपर्ने प्रतिकूल स्थितिहरूका चिन्तक कवि हर्कजंगसिंहका हरेक कविता नै कि ता आह्वान जस्तो कि ता सन्देश जस्तो हुनगएको छ । सन् १९६२ मा भारतवर्षमाथि चीनले आक्रमण गर्दा देशको रक्षार्थ भारतवर्षको हरेक योद्धामा कविजी सुभाषचन्द्र बोसका प्रतिविम्ब देख्छन्, हरेकमा सुभाषचन्द्र बोस झैं वीर योद्धाको कामना राख्छन् । 'क्रान्तिदूत सुभाष' कवितामा एक ठाँउ यस्तो पाइन्छ :–

कर्णधार सुभाष हे ! तरी भारत राष्ट्रको ।
क्रान्तिदूत .सुभाष हे ! तिमी आजाद हिन्दको ।।
स्वागत वीर सुभाष हे ! पुकार, बिकल हिमालको
तिम्रो खड्ग अस्त्रले, बगाऊ रक्त चीनको ।।२।।

यही चीन–भारतको युद्धमा कवि हर्कजंगसिंह छेत्री देशको सेनानी सरह देशवासी

हरूलाई आह्वान गर्दै एकताको सुत्रमा बाँधिएर चीनलाई परास्त गर्न आफ्नो कविता 'हिमालयको पुकार' लिएर अघि बड़ेका देखिन्छन् :–

जागौं जागौं उठौं लौ सब मिलि चिनियाँ शत्रु मारी भगाऔं ।
पापी यो शत्रुलाई टुक–टुक गरिकाटौं र धूज्य बनाऔं ॥१॥
देखाऔं वीरता भारत जन जनले चीनलाई पछारौं ।
हाम्रो भारी दरीलो जनमन बले शत्रु चीना सहारौं ॥२॥

झुक्ने छैनौं कहिले पनि कति चिनियाँ सामने, वीर हामी ।
आऔं सन्तान हिमाली झिलिमिलि चिनियाँ दुष्ट मारी धपाऔं ॥८॥
जाऔं जाऔं बढौं दानव अरिदल चीना निमोठेर मारौं
आऔं लौ मातृ भू–भारत प्रिय पदमा प्राण पुष्पै चढाऔं ॥९॥

# निबन्धकार हर्कजंगसिंह छेत्री

नेपाली साहित्य–जगत्मा शास्त्रीय परम्परामा स्वजाति, देशभक्ति र सुधारात्मक सन्देश लिएर कविता लेखनमा पण्डित धरणीधर कोइरालालाई अनुसरण गर्दै आफ्नो छुट्टै स्थान कायम गर्न सक्षम भएका कवि हर्कजंगसिंह छेत्रीले निबन्ध लेखनमा पनि राम्रो सीप देखाएका छन् । उनले लगभग बाइस वटा निबन्धहरू भारती, गोर्खा, चौतारा, अस्तित्व, बाडुली, रूपरेखा आदि पत्रिकाहरूमा प्रकाशित गरेर नेपाली निबन्ध साहित्यमा योगदान दिएको पाइन्छ । उनका अधिकांश निबन्धहरू वाबु पारसमणि प्रधानद्वारा सम्पादित 'भारती' का विभिन्न अकंहरूमा प्रकाशित छन् । यी निबन्धहरूमा स्वजाति, स्वसमाज, साहित्यको मूल्य, देशभक्ति र सुधारात्मक सन्देशको स्वर नै गुञ्जिएको पाइन्छ ।

भारतीय नेपाली साहित्यको निबन्ध विधामा महासमरकाल (सन् १९१४–४६) लाई प्रतिनिधित्व गर्ने लेखकहरूमध्ये पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली, महानन्द सापकोटा, भाइचन्द प्रधान, सागरमणि आ. दी., लैनसिंह वाङदेल, रामकृष्ण शर्मा, इन्द्र सुन्दास, अच्छा राई रसिक, वीरेन्द्र सुब्बा, हरिप्रसाद गोर्खा राई, जी छिरिङ, तुलसी बहादुर छेत्री, लक्खी देवी सुन्दास आदिका हाराहारीमा हर्कजंगसिंह छेत्रीको नाम लिन सकिन्छ । तथापि हर्कजंगसिंह छेत्रीको लेखनकाल भने भारतवर्षको स्वाधीनता पछि नै हो । तर उनका निबन्धहरूमा अभिव्यक्त भएका विचारधाराहरू महासमरकालमा नै रूढीवादको रूपमा समाजमा देखिएको दृष्टान्त हुन् । हर्कजंगसिंहका आत्मपरक एवं वस्तुपरक निबन्धहरूमा आधुनिकता कम मात्रामा पाइए तापनि देश, काल परिस्थिति भने निश्चय नै सापेक्ष छन् भन्नमा अत्युक्ति नहोला ।

हर्कजंगसिंहका निबन्धहरू पुस्तकाकारमा प्रकाशित छैन । तथापि पत्र–पत्रिकामै प्रकाशित उनका निबन्धहरूले पनि अन्य विधाभन्दा पछि परेको नेपाली निबन्ध साहित्यलाई अघि बढ़ाउनमा धेरथोर योगदान गरेकै छ भन्नुपर्छ ।

विश्वको कुनै पनि जाति र समाजको सभ्यता र समृद्धिको ऐना भाषा र साहित्य हो । भाषा र साहित्यको विकास पत्र--पत्रिकाको भूमिकामाथि विशेष निर्भर गर्दछ । पत्र–पत्रिकाको अवस्था दरिलो एवं सकारात्मक नभए भाषा र साहित्य मात्र होइन तर जाति र समाजको सभ्यता र समृद्धिमा वाधा पुग्छ । हर्कजंगसिंह छेत्री यही चिन्ताले

ग्रसित रहेको प्रमाण 'भारती' वर्ष २ अंक ४ मा प्रकाशित 'साहित्य र पत्रिका' निबन्धमा पाइन्छ । यस शीर्षक निवन्धमा समाजमा पत्र–पत्रिकाको आवश्यकता र मूल्यवोधप्रति उनको चिन्तन यस्तो छ :–

"प्रत्येक नेपाली युवक युवतीले शुद्ध हृदयले आफ्नो जातीय साहित्यिक पत्र–पत्रिकाहरूको निष्पक्ष प्रचारगरी, ग्राहक संख्यामा वृद्धि गरी आर्थिक सहायताद्वारा हृष्ट–पुष्ट र चलायमान बनाउनु नितान्त आवश्यक अनि आफ्नो पनि परम कर्त्तव्य संझन पर्छ । यसो भए जातीय कल्याण जागृत हुने छ ।"

निश्चय पनि हर्कजंगसिंह छेत्री भारतवर्षका अन्य विकाशशील भाषाहरूका पत्र–पत्रिकाहरूका दूतप्रगति देखेर आफ्नो भाषा–साहित्यका पत्र–पत्रिकाहरूका प्रकाशन र नियमितताप्रति चिन्तित रहन्थे । साधारणत : यो पनि आजको युगमा विचार गर्नुपर्ने तथ्य हो । पत्र–पत्रिकाको प्रकाशनमा विभिन्न संस्थाहरूले जति पनि योगदान दिँदै भाषा र साहित्यको मर्मलाई वैभवशाली वनाउने प्रयत्न गरे तापनि दायित्ववोध हुने पाटकवर्गको संख्या र चेतनाको वृद्धि नभए पत्र–पत्रिकाको प्रसारण र प्रकाशनमा मात्र ह्रास नआएर जाति र समाजको सभ्यता र विकाशमा पनि ह्रास देखा पर्छ । हर्कजंगसिंह यस कुराप्रति सचेत थिए र आफ्नो वैचारिक पक्षलाई विद्वान्हरूका भनाइसित सामञ्जस्य तुल्याउँदै लेख्छन् :–

"कुनै जाति वा मनुष्यलाई निर्जीव अस्तित्वहीन वनाउनु हो भने त्यस जाति वा मनुष्यको भाषा तथा साहित्य संग–संगै इतिहासलाई पनि नष्टगरिदिए हुन्छ ।" महासमर कालीन परिस्थितमा मानवजीवन र जीवनको मूल्यांकनलाई वैचारिक दृष्टिले नियालेर हेर्ने हर्कजंगसिंहले आफ्नो देश, जाति र समाजप्रति परिलक्षित अधिकांश रचनाहरूमा सामूहिक उन्नति होस् भन्ने आग्रह गरेका छन् । उनको निवन्ध 'नेपाली समाज, समस्या र समाधान' यही धारणाले लेखिएको छ । कुनै पनि जातिको विकाश र सुदृढ़ अस्तित्व विद्‌या, सम्पद र संस्कृतिमाथि निर्भर गर्छ । अविकशित समाजमा चिन्ता र चेतना दरिलो तुल्याउने यस्ता आधारहरू पर्याप्त नभएसम्म जातिको अस्तित्व सुदृढ़ रहन गाह्रो पर्छ भन्ने कुराको आभास हर्कजंगसिंहलाई भएको थाह लाग्छ । ज़ातिको अस्तित्वको निम्ति स्वधर्मावलम्बनदेखि वञ्चित रहँदा अविकशित समाजले स्वाधीन रहेर पनि प्रगतिको पथमा भगीरथ प्रयत्न गनुपर्छ भन्ने कुरासित हर्कजंगसिंह राम्ररी अवगत थिए । निबन्ध 'नेपाली समाज, समस्या र समाधान' मा यिनै कुराहरूको पुष्टि भएको छ ।

'नेपाली जाति औ साहित्य' शीर्षक निबन्धमा हर्कजंगसिंह छेत्री साहित्य लेखनको मूल्य–बोध र दायित्वलाई जाति र समाजको धरातलमा उभाएर जनजीवनलाई नयाँ गोरेटोमा अग्रसर मार्गदर्शनको संकेत दिन्छन् । उनको भनाइ अनुसार साहित्य लेखन र यसको प्रतिक्रिया कति महत्वपूर्ण छ भने यसले परोक्षरूपमा होस् वा प्रत्यक्ष रूपमा विश्वका

अधिकांश देशहरूमा त्यहाँका सामाजिक, राजनैतिक एवं सांस्कृतिक क्षेत्र एवं ऐतिहासिक पृष्ठभूमिमा समेत महत्वपूर्ण भूमिका खेलेको छ । यसका साथै रूढ़ीवादी परम्पराबाट आफ्नो जाति र समाजलाई भाषा र साहित्यको माध्यमद्वारा चिन्तन र मननको पथमा अग्रसर गराई चेतनशील बनाउँदै नयाँ युग र नयाँ समाजको निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेल्ने साहित्यकारको देन नै सधैं स्मरणीय रहने छ । हर्कजंगसिंह यही सचेततालाई आफ्नो जाति र समाजको निम्ति प्रेरणास्वरूप ग्रहण गर्दै निबन्ध 'नेपाली जाति औ समाज' मा लेख्छन् :–

"साहित्य हुंकारले नै जाति र समाजको नशा–नशामा जागरण उत्पन्न गराउँदछ; जाति वा समाज पनि साहित्यको आह्वानलाई नै एकोहोरो भएर पछ्याउँदछ । यस्तो छ साहित्यको खोला । साहित्यको आवाज समाज वा जातिको आवाज हो भन्नुमा केही सन्देह छैन ।"

देश, भाषा र जातिको विकाश र समृद्धिमा चिन्तित रहेका हर्कजंगसिंह छेत्रीको स्वर आफ्नो लेखन–प्रवाहमा घरी–घरी एउटै उद्देश्य र भावनाले प्रभावित विभिन्न निबन्धहरूमा चर्किएको पाइन्छ । उदाहरणस्वरूप निवन्ध 'साहित्यकार' लाई लिन सकिन्छ । यस निबन्धमा पनि हर्कजंगसिंह विश्वका विभिन्न देशहरूमा देखिन लागेका प्रगतिप्रति दृष्टिगोचर गर्दै भन्छन्– "अरू–अरू देशको साहित्यतिर तथा साहित्यिकतिर हेरे थाहा हुन्छ–साहित्य र साहित्यकारहरूद्वारा नै ती देशहरूका समाज र राष्ट्र उत्थान भएका रहेछन् ।"

हर्कजंगसिंह निबन्धमा पनि आग्रह र उपदेशलाई आफ्नो लेखनको मापदण्ड बनाएर अग्रसर हुने प्रचेष्टा गर्छन् । उनले आफ्नो जीवनकालमा नेपाली साहित्य–जगत्लाई दिएका निबन्धहरूमध्ये प्रमुख यस प्रकार छन् :– १. साहित्य र पत्र–पत्रिका (भारती वर्ष २ संख्या ४), २. नेपाली साहित्यमा प्रगतिवाद (भारती वर्ष २ संख्या १२), ३. नेपाली समाज, समस्या र समाधान, ४. नेपाली समाज (भारती वर्ष ३ संख्या १२), ५. नेपाली जाति औ समाज, ६. रामनवमी चैतै दशैं (गोर्खा), ७. नेपाली संगीत र समाज (भारती वर्ष ७ संख्या ८–९), ८. नेपाली जाति औ साहित्य, ९. मिरिक बस्ती औ बजार, १०. साहित्यकार, ११. भानुभक्त जयन्ती (गोर्खा), १२. स्वजाति र देशप्रेम, १३. साहित्यमा प्रगतिशीलता (चौतारा वर्ष १ अकं २), १४. भारतीय नेपाली, समस्या र समाधान (अस्तित्व पूर्णाङ्क १३), १५. नवोदित कविहरूप्रति (बाडुली संझना १ हिक्का २), १६. विकाश–साधन (गोर्खा), १७. साहित्य र युग (भारती वर्ष ६ संख्या १), १८. कवि भानुभक्त र रामायण (भारती वर्ष ३ संख्या १), १९. नेपाली मातृभाषा (भारती वर्ष २ संख्या ८), २०. नेपाल, नेपाली र मातृभाषा (भारती वर्ष ३ संख्या २),

२१. नेपाली लोक साहित्यमा लोकोक्तिको महत्व (भारती वर्ष ४ संख्या ५), २२. साहित्यकार एक अध्ययन (रूपरेखा वर्ष ३ अकं १०)।

हर्कजंगसिंह छेत्रीका निबन्धहरू हेर्दा अधिकांश आञ्चलिकता र जातिगत रहेका छन् र यस घेरादेखि बाहिरका निबन्धरूमा पनि लेखकको केन्द्रविन्दु समाज सुधार, साहित्यप्रेम, जातिप्रेम र औपेदेशिक भएर बसेको पाइन्छ। निबन्ध विधामा उनको योगदान हेर्दा विश्वमा आएको विकाशमूलक परिवर्तन र सामाजिक स्तरको तुलनामा निज जातिको अवस्था द्वारा ग्रसित हर्कजंगसिंह छेत्रीले प्रत्यक्ष रूपमा आफ्नो चिन्ता व्यक्त गरेका छन् भन्नमा अत्युक्ति नहोला।

महासमरकालले विश्वभरका मनुष्य जातिको मनन र चिन्तनमा ठूलो हलचल ल्यायो र विश्वका विभिन्न ठाउँहरूमा समाजवादका जरा दरिलो हुँदै गएको देखिन्छ। फलतः त्यसको प्रवाह साहित्यमा पनि प्रगतिशीलता एवं प्रगतिवादी धारामा बहन आइपुग्यो। हुनता प्रगतिशीलता नै प्रगतिवाद होइन। तर यी अक्षरसमूह एकार्कामा सम्पूरक पनि बन्न पुग्छन्। प्रगतिवादमा जनचेतना र त्यसबाट प्रस्फुटित एउटा आदर्शले टेवा दिन्छ भने प्रगतिशीलतामा निमार्णमूलक, सुधारात्मक र संवेदनशीलता व्यापक रहेको हुन्छ। हर्कजंगसिंह छेत्रीको लेखनमा प्रगतिशीलताको आभास प्रशस्त रहेको भए तापनि उनी प्रगतिवादी भने होइनन्। तर प्रगतिवादको प्रवाहमा जागरूकता आएको हर्कजंगसिंह छेत्रीको अघि प्रगतिवाद विश्वको विभिन्न समाज र साहित्यमा विचरण हुँदै नेपाली साहित्यमा पनि प्रवाहस्वरूप देखा परेपछि नेपाली साहित्यमा प्रगतिवादको यथावत् आकार देख्न नपाउँदा 'भारती वर्ष २ संख्या १२ मा 'नेपाली साहित्यमा प्रगतिवाद' शीर्षक निबन्धमा आफ्नो वैचारिक पक्षलाई प्रगतिवादको व्याख्यास्वरूप यसरी राख्छन् :– "प्रगति शब्दको वाच्यार्थ अगाड़ि बड़नु हो। वाद शब्दले जोड़िएको प्रगतिवादको अर्थ बड़नु ता हो तर कुन रंग र ढंगले ? यो पनि एउटा विचारणीय प्रश्न हो।" यही सन्दर्भमा नाराको रूपमा फैलिन लागेको प्रगतिवादको पछि कलम दौड़ाउने लेखक–कविहरूको समक्ष प्रगतिवाद पृष्ठभूमिलाई उदांगो राखेर उनी आफ्नो वैचारिक पक्षलाई यसरी व्यक्त गर्छन्– "प्रगतिवाद र आदर्शवादमा भिन्नता छ। प्रगतिवादले समाजको वास्तविक चित्रमा रहेको दृष्टिलाई सपारी मनोज्ञ बनाउनमा सदैव सतत प्रयत्न गर्दछ।" प्रगतिवादमाथि हर्कजंगसिंहको मन्तव्य शाश्वत वैचारिक प्रवाहभन्दा भिन्नै भएतापनि साहित्यलाई समृद्धिशाली एवं जनहितार्थ बनाउनमा लेखक–कविहरूप्रति उनको संकेत यथावत् कुराको पुष्टि गर्ने आग्रह प्रति देखिन्छ।

नेपाली साहित्यको निबन्ध–यात्रामा आफ्ना बहुमूल्य योगदान प्रदान गर्ने उद्देश्यले प्रेरित हर्कजंगसिंह स्वजातीय समाजको निम्ति अग्रसर हुँदा प्रगतिशीलता

र प्रगतिवाद प्रक्रिया अघि राखेर साहित्यको निर्माण गर्दै र त्यसको स्वरूप प्रति चिन्तन गर्दै चौतारा वर्ष १ अकं २मा 'साहित्यमा प्रगतिशीलता' निबन्धमा खुलस्त रूपमा आफ्नो तर्क यसरी राख्छन् :–

"साहित्य, मानव समाजको वास्तविक प्रतिबिम्व हो । अत : समाजको विवेचना नै साहित्यको प्रगतिशीलताको व्याख्या हो ।

प्रगति शब्दको अर्थ सुन्दर गति हो । तर साधारणतः कुनै कार्यक्षेत्र अथवा जीवन–पथमा उन्नति गर्नु नै प्रगति शब्दले प्रकट गर्दछ ।

आजका तथाकथित प्रगतिवादीहरूले जीवनमा कुनै प्रकारको भए पनि परिवर्तन ल्याउनु नै उन्नतिको द्यौतक मान्दछन् तर यस्तो सिद्धातलाई अपनाउनु उचित बुझिंदैन । जीवनलाई समुचित ढंगले सुमार्गमा ढलाउनु नै वास्तविक प्रगतिको लक्षण हो । अनुचित ढांचाले जीवनमा परिर्वतन ल्याउनाले प्रगति कदापि हुनु सक्दैन ।

जसरी तिव्रगामी नदी, विघ्नवाधालाई पार गर्दै अगाड़ि बढ़दै वग्दछ त्यसरी नै समाजले पनि आफ्ना रूढ़ि–कण्टकहरूको किंचित् परवाह नगरी आफ्नो इच्छित दिशातिर प्रगति गर्न अग्रसर हुँदछ, फलतः समाजमा प्रगतिशीलता उत्पन्न हुँदछ ।

समय परिवर्तनशील हुनाले प्रगतिको अर्थ समयानुसार बदलि रहे तापनि, प्रगतिको गतिमा केही अन्तर हुँदैन । प्रगतिको गति अवाध छ, यसलाई कसैले रोकेर राख्नु सक्दैन तर कैले कहीं प्रगतिकै दिशामा अकस्मात् परिवर्तन हुनु स्वाभाविक हो । यसका अनेक कारणं पनि हुनु सक्छन्–जस्तै :– दार्शनिक, धार्मिक अथवा राजनीतिक । उदाहरणार्थ इतिहासका पन्नाहरू पल्टाएर अवलोकन गरे थाहा पाइन्छ । प्राचीनकालमा वैदिक धर्म अत्यन्त सुन्दर अनि प्रगतिको शिखरमा चढ़िसकेको थियो । समाज पनि यसैतर्फ प्रगति गर्दै बढ़दै थियो । तर अकस्मात् धर्मप्रर्वतक गौतम बुद्धले वैदिक धर्मको विरोध गरे । "वैदिक धर्मको वर्तमान रूप वास्तविक धर्म नभएर केवल पाखण्डीहरूको प्रपंच मात्र हो ।" यस्तो प्रचारले वौद्धधर्मलाई सहर्ष अपनाए, फलतः बौद्धधर्मको प्रगति भयो ।

कालान्तरमा बौद्धधर्ममा पनि अनेक रूढ़ि प्रवेश गर्नाले जनता विचलित भए । प्रसिद्ध दार्शनिक शकंराचार्यले अद्वैतवादद्वारा बौद्ध धर्मको क्षणिकवादको खण्डन गरी समाजलाई पुनः सनातन वैदिक धर्ममा प्रगति गर्नका निम्ति आकृष्ट गरे । यस्ता अनेकौं दृष्टान्तहरू इतिहासद्वारा थाहा पाइन्छ ।

विश्वमा अनेक प्रसिद्ध बिचारक अनि दार्शनिकहरूले जन्म लिए । कोही बेला कसैको सिद्धान्त विजित हुदँछ अनि कोही बेला कसैको व्यापक रूप धारण पनि गर्दछ । एक फेर विजित भएको सिद्धान्तले पुनः व्यापक रूपधारण पनि गर्दछ ।

आँधुनिक कालमा मार्क्सको साम्यवादको सिद्धान्तको प्रधानता छ । अतः यसैले

नै व्यापक रूपधारण गरिरहेको थाहा पाउँदछौं । तात्पर्य यही हो कि सिद्धान्तानुसार काम गर्नु पनि प्रगतिको अर्थ भएको छ ।

आधुनिक नेपालीको प्रगतिशील साहित्य अरू भाषाहरूको प्रगतिशील साहित्य झैं प्रौढ़ छैन । जर्जर अवस्थामा नै छ भन्नुमा केही अत्युक्ति नहोला । शोषकहरूको अत्याचार तथा शोषितमाथि भएका अनाचारप्रति सहानुभूति पूर्ण गीत–गान, समाजको ध्वशंराग अलाप्नु तथा सब प्रकारको रीति–थिति अनि व्यवस्थाहरूलाई उल्टो–सुल्टो गर्ने प्रयत्न गर्नसम्म मात्र देखिन्छ । यस्तो अवस्था छ, आधुनिक नेपाली प्रगतिशील साहित्यको भन्नुमा, केही संशय छैन ।

काव्यका तत्वहरूको परिपक्व ज्ञानबिना प्रौढ़ रचना सृजना गर्नु असम्भव छ । हाम्रा आधुनिक तथा–कथित लेखक तथा युवक–कविगण यसलाई विस्मृति गरी रहेका छन् । काव्यका तत्वहरूको अध्ययन पूर्णरूपले नगरी कवि हुनुको लालशाबश नवयुवक कविता लेख्न आरम्भ गर्छन् । युवावस्थाको जोश तथा ज्ञानको अपरिपक्वताको कारणले यस्ता युवक प्रगतिशीलताको ओटमा आउँदछन् । अरू भाषाका मेधावी काव्यमर्मज्ञ, काव्यका सारा निधिहरू उपयोग गर्दै अत्यन्त सुन्दर, मधुर अनि सरस रचना रची समाजमा प्रगतिशीलता उत्पन्न गर्दछन् । फलतः साहित्यले पनि प्रौढ़ताको रूप धारण गर्दछ ।

आजकलको कविता लेखाइको नयाँ शैली अनुसार नत समाज मात्रको आवश्यकता छ, न स्वरको । छोटे मोटे, टेढो मेढ़ो पंक्तिहरूमा उपयुक्त शब्दहरूलाई सजाएर एउटै कविता झट्टै लेखेर प्रकाशित गरी कवि नामले भूषित हुनु नै अर्धशिक्षित काव्य–ज्ञानहीन नवयुवकहरू लालायित रहन्छन् । यस्तो अवस्थामा नेपाली प्रगतिशील साहित्य कसरी प्रौढ़ हुन सक्ला ?

नेपालीका अधिकांश प्रगतिशील कवि व्यक्तिगत रूपमा प्रगतिशील छैनन्, केवल प्रगतिवादको लहरीसित बसेका मात्र हुन् । यिनीहरूको निम्ति प्रगतिशील साहित्यको अर्थ केवल शोषित, शोकितहरूको चित्कार भएको छ । भन्नुको तात्पर्य हो कि यस्ता प्रकारका प्रगतिशील साहित्य कहिले पनि रचनात्मक हुन सक्तैन । यस्ता साहित्य समाजको निम्ति सर्वथा घातक तथा अवांछनीय सिद्ध हुन्छ ।"

हर्कजंगसिंह छेत्रीको चिन्तन र मनन प्रगतिशील हुँदा जाति र समाजको हरेक अवस्था र परिस्थितिसित आफू चिन्तित रहेको कुरा उनको कवितामा होस् वा निबन्धमा होस् परिलक्षित हुन्छ । उनी आफ्नो निबन्ध 'स्वजाति र देशप्रेम' मा यसरी गुनासो पोख्छन्– "पाश्चात्य देशहरूको जस्तो जातीय प्रेम, स्वदेश एवं ऐक्य भावको अनुकरण गरी, आफ्नो जाति औ जन्मभूमिलाई समृद्धिशाली, उन्नत गर्नमा अब पनि तत्पर नभए झन् अवनतिको गर्भमा सधैंको निम्ति लोप हुनु पर्ने छ ।" हर्कजंगसिंह स्वजाति, स्वसमाज एवं स्वभाषा–साहित्य बोकेर राष्ट्रको हितार्थ अघि बढ्ने उमंग र जोश एकातिर प्रदान

गर्नमा कटिवद्ध छन् भने अर्कोतिर पाश्चात्य देशहरूका उन्नत परिवेशको उदाहरण पेश गर्दै निज जातिमा कर्त्तव्य र दायित्व–वोध गराउन चाहन्छन् ।

निबन्धकारको रूपमा पनि हर्कजंगसिंह कहीं देशको सेनानी जस्ता जुरमुराउँछन् भने कहीं निज जातिमा रहेको नैराश्यलाई दूर गर्ने चेतनाको डाकस्वरूप साहित्यलाई मूल स्रोत ठान्दछन् ; कहीं देश र समाजको जर्जरित अवस्थासित व्यग्र भएर नयाँ गोरेटोको खोजमा हर्कजंगसिंह छटपटाएका छन् भने कहीं प्रगतिशीलता र प्रगतिवादको व्याख्याले जातिलाई व्युंझाउने प्रयत्न गर्छन् । हर्कजंगसिंह छेत्रीले आफ्ना निबन्धहरूमा जति पनि विषयहरू लिएर अग्रसर भए त्यो उनको देशप्रेम, स्वजाति र सभ्यता–प्रतिको सचेतता हो ।

# गीतकार र संगीतकार हर्कजंगसिंह

संगीत नै विश्वको प्राण हो । विश्वको हरेक प्राणी र प्रकृतिमा संगीतको व्यापक प्रभाव रहेको हुन्छ । प्रकृतिको हरेक लीलासित संगीत जोड़िएर बसेको हुन्छ । कविहरू यस्तो हरेक लीलासित आफ्नो भावना र कल्पनामा रमाउन चाहन्छन् अनि संगीतको परमानन्दबाट रमाउँदै आफ्नो अभिव्यक्ति पोख्ने गर्छन् । विशेष गरी शास्त्रीय कविहरू आफ्ना कविताहरूलाई छन्द र अलंकारले सजाई श्लोकको रूपमा गाउने गर्छन् जो कविता–पठनको सशक्त माध्यम हो ।

हर्कजंगसिंह छेत्री बालक छँदादेखि नेपाली समाजमा लोक संगीत अधिकांशरूपमा प्रचलित रहेको थियो र यसको मूल कारण नेपाली समाजको अधिकांश जन–जीवन श्रमिक श्रेणी र फौजी भएकोले हो ।

भनिन्छ, हर्कजंगसिंहका पिता नक्कले सरदार व्यक्तिगत जीवनमा अति नै रौसे भएको हुँदा समाजमा प्रचलित लोकगीत र लोकनृत्य प्रति उनको गहिरो रूचि थियो। पितामा भएका गुण केही न केही पुत्रमा पर्छ । हर्कजंगसिंहले आफ्नो वंशका दानस्वरूप संगीतको ज्ञान बाल्यकालमा नै आर्जन गरिसकेका थिए । कालान्तरमा आफ्नो संगीतप्रतिको चासोलाई अझ परिपक्व तुल्याउन उनले भारतीय शास्त्रीय संगीतको साधनामा मनोयोग दिई संगीत–भूषणको परीक्षा समेत पास गरे । लोक संगीतबाट प्रभावित भएका भए पनि हर्कजंगसिंङ छेत्रीलाई शास्त्रीय संगीतकै विशेष प्रभाव रहेको प्रमाण उनका मित्र दुलाल प्रधानबाट थाह लाग्छ ।

हर्कजंगसिंह छेत्रीले संगीत–साधनामा जुन रूची र उत्सुकता देखाएका छन् त्यो तिनको काव्य साधनामा लाएको अवधिको तुलनामा एकदम कम छ । संगीतको क्षेत्रमा उनले व्यापक रूपमा प्रतिष्ठा प्राप्त गर्न नसके तापनि तत्कालीन स्थिति अनुरूप अभावको पूर्ति गरे ।

उनी राम्रा स्वरकार र गीतकार थिए । आफ्नी प्रथम पत्नी सुभद्रालाई सितार–वादनमा एक दक्ष शिल्पी बनाउन उनी सफल भएका थिए भने कनिष्ठ पुत्र निरेन्द्र मोहन छेत्रीलाई नेपाली जगत्का प्रतिष्ठित संगीतकार एवं गायकको रूपमा परिचित गराउनमा पछि परेनन् । वाद्य–वादकको रूपमा उनी स्वयं हार्मोनियम, बाँसुरी, बेला आदि साजहरू बजाउँथे । उनी बेला बजाउनमा निक्कै सिद्धहस्त थिए । उनका निकटवर्ती मित्र दुलाल

प्रधान भन्छन्–हर्कजंगसिंहले गीतकार र संगीतकारको रूपमा आफ्ना रचनाहरू माता सरस्वती र दुर्गाप्रति श्रद्धाञ्जलिस्वरूप अर्पण गरेका छन् । एउटा नमुना हेरौं :–

शब्द : हर्कजंगसिंह छेत्री
संगीत : उस्ताद गणेश बहादुर भण्डारी छेत्री, नेपाल

माते ! शारदे ॥
कल्याण मूर्ते हृत–सर–बासिनी
मानस ज्योति, अखण्ड प्रकाशिनी
नव ज्ञान ज्योति, दे नव प्राण स्वर, दे माते शारदे ॥
विश्व विमोहनी, सुख सशिनी
कल्याण सुलेखनी, मृदुभाषिणी
सौरव्यं सम्पदा दे, जगकविमन्य गरिदे, माते ! शारदे ॥
वीणा–वादिनी, पुस्तक धारिणी
सत्यं–शिवं–सुन्दरं रूपिणी
संगीतमय गरिदे, भक्ति भाव गरिदे, माते ! शारदे ॥

हर्कजंगसिंह छेत्रीको यस गीतमा माता सरस्वतीप्रति वन्दना व्यक्त गरिएको भए तापनि जन्मभूमिप्रतिको भक्तिलाई माता सरस्वतीको प्रतिविम्वमा राखेर 'भारती' १९५२ मा प्रकाशित यस गीतलाई उनको कविता संग्रह 'हिमालय' (१९६५) प्रकाशित गर्दै निम्नलिखित दुइ पंक्ति यसरी जोड़िएको छ :–

तिमिर हारिणी हे, चिन्मयी
जननी भारती, हे दयामयी भारती
शरण दे, भारती भई मर्न दे, माते ! शारदे ॥

आर्थिक र राजनैतिक चपेटमा परेको, शिक्षाको अभावमा छटपटाएको समाजमा साहित्य र संस्कृतिको जागरूकताको निम्ति माता सरस्वतीको वन्दना प्रस्तुत गर्दै कवि हर्कजंगसिंह आफ्नो जाति, समाज र देशप्रति कति निष्ठावान रहेछन् सो सहजै अनुमान लाउन सकिन्छ ।

'भारती' को सन् १९५२ को जुलाई अंकमा हर्कजंगसिंह छेत्री कवि भानुभक्त आचार्यको जन्म जयन्तीको उपलक्ष्यमा जातिमा शिक्षा र साहित्यको उत्थानको निम्ति 'भारती' को महिमाप्रति आफ्नो उद्‌गार यसरी पोख्छन् :–

शब्द : हर्कजंगसिंह छेत्री
संगीत : उस्ताद गणेश बहादुर भण्डारी, छेत्री, नेपाल ।

ज्ञान भानुको प्रकाशले अब
अब जड़ता निशि हटाउनलाई ।

साहित्य पठन–पाठनको निम्ति
पथ नयाँ देखाउनलाई ॥
स्वदेश–मन्दिरको मनमन्दिरमा
शिक्षा–ज्योति जगाउनलाई ।
आइन् भारती अव अवनिमा
जीवन सफल बनाउनलाई ॥

युग परिवर्तन संग–संगै विश्वको सभ्यतामा शिक्षा आर्जनको विशेष भूमिका रहेको हुन्छ । जाति र समाजमा आएको जागरूकतावाट नै चाड़–बाड़को महत्व झन् बढ़ेर जान्छ । तिहारको मर्मलाई जागरणको प्रतीकस्वरूप स्वीकार गर्दै आफ्नो गीत 'दीपमाला' मा उनी आफ्नो भावना यसरी व्यक्त गर्छन् :–

शव्द : हर्कजंगसिंह छेत्री
संगीत : दुलाल प्रधान

घर–घर हेर ! दीप उज्यालो
छैन कतै तिमिर तम कालो ।
जगमग ज्योति दीपक माला,
कि यो मानव–उरको ज्वाला ? ॥१॥
चिर–चिर गर्छ फुस्रो फिस्टा
वग्छ अति गर्जनले टिस्टा ।
पुण्य सयपत्री मुस्कुरायो,
जन मन झन् हर्षित गरायो ॥२॥
नव भेषली भैले आयो,
भैलोराम राग सुनायो ।
पुरातन गौरव गरिमाले,
मानव–उर झंकृत गरायो ॥३॥
झिलमिल राग दीपकले यो,
निद्रित उर–ज्वलित गरायो ।
नवल ज्योति दीप–मालाले,
ज्योति जागरणको फिँजायो ॥४॥

'भारती' को सन् १९५२ को अक्टोवर अंकमा प्रकाशित उपरोक्त गीत–बाहेक त्यही वर्षको भारतीको दिसम्बर अंकमा प्रकाशित उनको 'मातः दुर्गे' पनि वन्दनाको रूपमा निज जाति र समाजको शक्तिकै आराधनास्वरूप रचिएको हो :–

## मातः दुर्गे

शब्द : हर्कजंगसिंह छेत्री
संगीत : दुलाल प्रधान

जय दायिनी जय जय जननी,
भुवन मनभाविनी, नारायणी हे
प्रकाश दे, वरदे, मातः दुर्गे । ।।१।।
सिंहवाहिनी त्रिशूल धारिणी,
असूर विनाशिनी, पापहारिणीदे ।
दल अलि दमन गरिदे, मातः दुर्गे ।।२।।
भव–भय हारिणी, मुक्तिदायिनी
दुःखविनाशिनी सनातनी है
शौख्य सम्पदा दे, मातः दुर्गे ।।३।।
सत–चित आनन्द दायिनी हे,
चिर कल्याणमयी गुणमयी हे,
शक्ति, महाशक्ति दे, मातः दुर्गे ।।४।।

संगीत क्षेत्रमा स्वयं एक साधक रहेका हर्कजंगसिंह छेत्रीका अधिकांश गीतहरू ईश्वरीय महिमा प्रकट गर्ने छन् तथापि आफू कवि भएका हुँदा उनी वसन्त ऋतुमा प्रकृतिमा आएको सौन्दर्यको छटा र हृदयाकर्षक प्राकृतिक महिमादेखि वञ्चित रहन सक्तैनन् । प्रकृतिमा देखा पर्ने सौरभ शुभ्रता र मनोरमाप्रति कवि हर्कजंगसिंह प्रफुल्लित भएर 'मधुमय वसन्त' गीतमा मुग्ध हृदयले वसन्तप्रतिको उद्‌गार यसरी पोख्छन् :–

शब्दकार : हर्कजंगसिंह छेत्री
संगीतकार : दुलाल प्रधान

## मधुमय वसन्त

नव मधुमय वसन्त आयो ।
नवीन जागरण नव सन्देश, जन उपवनमा ल्यायो ।
अम्बर नव्य किरण अवनीमा, अम्बर अम्ब बर्सायो ।।
किशलय कली नवीन अधरमा, रंग हंसिलो छायो ।
गुन्जन गरी मधुर भंवरादल, पुण्य आँगन गुन्जायो ।।
नव मधुमय वसन्त आयो ।।१।।
कूहू गरी कोइली, नेउली, चन्चल चांचर, फिस्टा ।

उमंग तरंग राग मधुरले, वग्छ रंगीत, टिस्टा ॥
सुरभित मंदिर वसन्त पवनले, जनमन हर्ष गरायो ।
नव मधुमय वसन्त आयो ॥२॥
हरित द्रुभ तरूवर उपवनमा, प्रकृति परी मुस्कायो ।
मनोज्ञ मन्द मृदु मुस्कानले, सुराज्य वसन्त छायो ॥
शुष्क शोषित जीवन सरितमा, नव तरंग लहरायो ॥
नव मधुमय वसन्त छायो ॥३॥

ऋतु, चाड़वाड़ र ईश्वरीय वन्दनालाई आफ्नो गीतको मूलभूत विषय बनाएर गीत रचना गर्ने हर्कजंगसिंह आफ्ना रचनाहरू स्वयं संगीतवद्ध गर्ने रूचाउँदैनन् थिए तर आफूलाई प्रभाव पार्ने अरूका रचनाहरू पाए संगीतबद्ध गर्न पछि सर्दैनन् थिए । हर्कजंगसिंह छेत्रीको संगीत क्षेत्रमा एउटा अलग व्यक्तित्व रहेको वुझिन्छ । उनका मित्र दुलाल प्रधान को भनाइ अनुसार पनि हर्कजंगसिंह संगीतकारको रूपमा अरूका रचना संगीतवद्ध गर्न खुवै रूचाउँथे तर आफ्नो रचना अरूले संगीतवद्ध गरेको मन पराउँथे । उनले संगीतवद्ध गरेका रचनाहरूमध्ये नेपाली जगत्का प्रतिष्ठित कवि धरणीधर कोइरालाद्वारा रचित कविताको तल उद्धृत अंश एउटा हो ।

शब्दकार : धरणीधर कोइराला
संगीतकार : हर्कजंगसिंह छेत्री

मन दि हरिमा, हरि लिई मनमा
तजि मोह र संग पनी भवमा
गरि संगीत साधु विषे भगत
भज यो हरि नाम तिमी सतत ।

कवि धरणीधरका विशेष छाप रहेका हर्कजंगसिंहका कविता र गीत आदिमा गुरू–महिमा दर्शिएका भावना उपरोक्त संगीतवद्ध भजनका चयनवाट प्रमाण हुँदछ ।

संगीतप्रति विशेष रूची भएका हर्कजंगसिंहका निज गीतहरूवाहेक उनले संगीतवद्ध गरेका अन्य महानुभावका धेरै रचनाहरू उपलब्ध नहुँदा संगीतकारको रूपमा हर्कजंगसिंहलाई उचित मान्यता, नदिएको ठहरिने छ । तथापि माथिकै चर्चाबाट पनि उनी नेपाली समाजले पाएको एक गीतकार र संगीतकार थिए भन्नु अत्युक्ति नहोला ।

# हर्कजंगसिंह छेत्रीको काव्य–प्रतिभा

हर्कजंगसिंह छेत्रीको साहित्यिक योगदान उनको जीवनकालको अन्तिम अढ़ाइ दशक जति मात्र देखा परेको हो तर सामाजिक धरातलका उचाइ, अध्यात्मवादको महिमा, राष्ट्रप्रेम आदि उनका रचनाका आधारभूत प्राप्ति हुन् । भारतीय नेपाली साहित्यका अग्रगण्य स्रष्टाहरू मध्ये सु–ध–पा का धरणीधर कोइरालाका परिपाटीमा नै हर्कजंगसिंहका कविताहरू कोरिएका पाइए तापनि कलापक्ष र शैलीमा हर्कजंगसिंह निकै खारिएका देखा पर्छन् । धरणीधर कोइरालाले आफ्नो कविताद्वारा समाज र जातिलाई सचेत बनाउन चाहन्थे भने हर्कजंगसिंहले पनि यही धारणालाई लक्ष्य बनाएर योगदान दिने प्रचेष्टा चलाएको दखिन्छ । हर्कजंगसिंह आफ्नो कविताद्वारा जातीय प्रेम, मातृभाषाप्रतिको भक्ति र शिक्षाको क्षेत्रमा पछौटे रहेका आफ्ना सन्ततिहरूलाई जागरूकताको सन्देशले सचेत बनाउन अग्रसर देखिन्छन् । कविताहरूमा देशभक्तिको भावना प्रशस्त मात्रामा अभिव्यक्त भएको छ साथसाथै समाजलाई शिक्षाको क्षेत्रमा अग्रसर गराई मातृभाषाको सेवा गर्ने तीव्र आग्रह देखिन्छ । राष्ट्रप्रेमको भावना दरिलो नभए कसैको पनि जीवनमा सठीक आदर्श निमार्ण हुन सक्तैन भन्ने उनको भावना देखिएको छ । उनी आफ्नो समाज र जातिमा विद्याप्रति श्रद्धा र भक्ति जगाई विश्वका अन्य सभ्य समाजको हाराहारीमा पुर्‍याउन 'शारदा ! माता शारदे' जस्ता वन्दनायुक्त कविताहरूमा आह्वान गर्छन् । कवि हर्कजंगिसिंहले प्रशस्त फूटकर कविताहरू प्रकाशित गरेका भए पनि पुस्तकाकारमा प्रकाशित कृति 'हिमालय' कविता संकलन मात्र हो । 'हिमालय' कविता संकलन हेर्दा राष्ट्र, समाज र जातिप्रति उनका कविताहरू उत्सर्ग भएकोले उनलाई राष्ट्रवादी कवि को उपाधि दिन सकिन्छ । सन् १९६५ मा प्रकाशित यस संकलनमा परेका उनका कविताहरू दुई भागमा विभाजित छन् ।

आफ्नो देश भारतवर्षको निम्ति अति नै गहिरो प्रेम र भक्ति भएका राष्ट्रवादी भन्न सकिने कवि हर्कजंगसिंहका प्रायः सबै कविताहरू स्वदेश, स्वजाति प्रतिको प्रेम र जागरणका संदेशका रूपमा पाइन्छ । संग्रहमा परेका कविताहरूलाई भारतीय नेपाली समाजको निम्ति उद्वोधनको रूपमा स्वीकार्न सकिन्छ । कवि स्वदेश प्रतिको महिमा र गौरवमाथि आस्थावान हुँदा हुँदै पनि स्वजातिप्रति चिन्तित रहेको उदाहरण केही कविताहरूले स्पष्ट

पार्छन् । हुन त नेपाली साहित्यको विकासक्रममा गद्य कविताले ठूलो भूमिका ओगटेर "तेस्रो आयाम" को उत्थान भई नेपाली कविताले विश्व साहित्यको फाँटमा आफ्नो गोरेटो अनुसन्धान गरिरहेको समयमा हर्कजंगसिंहका 'हिमालय' प्रकाशित हुनु सायद समय सापेक्षित थिएन तर उनको काव्य–साधना र लगनशीलताले ऐतिहासिक मर्यादा कायम राख्नमा महत्वपूर्ण भूमिका खेलेको हुँदा हर्कजंगसिंह छेत्रीका रचनाहरू विशेष गरी समाज, जाति र राष्ट्रप्रति अर्पित भएको हुँदा आह्वान मूलक, उपदेशात्मक र आस्थावान हुनु स्वाभाविक नै ठर्दछ ।

नेपाली साहित्यको विकासक्रम हेर्दा प्रारम्भिक काल देखि नै कवितामा छन्द, अलंकार र रसको प्राधान्य रहिआएको र पछि नेपालको 'शारदा' र भारतको 'भारती' जस्ता पत्रिकाको प्रकाशनकालमा पनि यस्तै ढंगको कविता– लेखनको दरिलो परम्परा रहेको पाइन्छ । यस कालमा लेखिएका कविताहरू छन्दोवद्ध हुनु, अलंकारपूर्ण र रसमय हुनु कुनै आश्चर्य होइन । कवि हर्कजंगसिंह छेत्रीमा त्यही परिपाटी कायम हुनु पनि अस्वभाविक होइन कारण उनी हुर्किएको युगको साहित्यिक परिवेश नै यस्तै थियो । सैंतालिसौं हिउँदोपछि उनमा आएको साहित्यिक बसन्तबाट पाउलिएका साहित्य पल्लवहरू नै भारतीय नेपाली समाजको, निम्ति एक ऐतिहासिक योगदान हो ।

साहित्यिक पत्रिकाहरूको खडेरी परेको यस युगमा पंत्र–पत्रिकाहरूको प्रकाशनबाट स्वजातिमा रहेका नैराश्य र अन्धोपनको निवारण हुनसक्ला भन्ने कविभित्र दृढ़ आस्था रहेको कुरा यस कविताको निम्नलिखित एक पदले स्पष्ट पार्छ–

ज्ञान–भानुको प्रकाशले अब
जड़ता निशि हटाउनलाई
साहित्य पठन–पाठनको निम्ति
पथ नयाँ देखाउनलाई

कवि हर्कजंगसिंह एकातिर आफ्नो जातिलाई अन्धकारबाट मुक्त गराएर नौलो सुसंस्कृत गोरेटो संकेत गर्नमा साहित्यिक पत्रिकाको योगदानप्रति आस्थावान छन् भने अर्कोतिर स्वजातिले 'वीर' उपाधिको फेटा गुँथेर समाज र जातिप्रतिको वास्तविक कर्त्तव्यदेखि वञ्चित रही अरूकै निम्ति तुच्छ भएर बाँच्न चाहेकोमा आफ्नो कवितामा वेदनाको एक अंश यसरी पोख्छन् :–

यत्र तत्र अवनि नदमा
झन् लहर शोषण सही रहेछौं
छैन ठेस क्लेश हियमा धिक
'वीर' भनी गर्व गरी रहेछौं ।

कविता योजनामा आफ्नो व्यक्तित्व प्रकाश पार्दै हर्कजंगसिंह स्वजातिप्रतिको शोषण

देख्दा कहीं विद्रोही जस्ता पनि देखिन्छन् । शोषण चक्रव्युहमा परेर पनि त्यसको वास्ता नगर्ने आफ्नो लाटा–सिधा स्वजाति दाज्यु भाइको अवस्थाप्रति चिन्तित भई शिक्षामा पछाड़िएका एवं सांस्कृतिक दृष्टिले पतित देख्दा कवि जागरूक भई उठ्छन् । उनका कविताहरू कतै प्रगतिवादमा आधारित पनि देखिन्छन् । उनी समाजमा रहेको अन्धोपन र विभिन्नतालाई पं. धरणीधर कोइराला र युद्धप्रसाद मिश्रले झैं झक्झकाउनमा अति उत्सुक रहन्थे । पं. धरणीधर कोइरालाका उद्‌वोधनमा झैं उनको कविता 'पुकार' हेर्दा उनी स्वजाति र स्वदेशप्रति कत्तिको इमानदार र चिन्तित थिए भन्ने धारणा स्पष्ट हुन्छ । 'पुकार' कविताको एउटा अंश यस्तो छः–

नेपाली वीर जाति हो
पढ़ेर पाठ ऐक्यको
मन्त्रली जनतन्त्रको
गरौं उद्धार जातिको ॥२॥

स्वजातिलाई आह्वान गर्दा–गर्दै कवि स्वदेशप्रतिको प्रेम र भक्ति पनि त्यही कवितामा पोख्न पुग्छन् । 'पुकार' कविताको अर्को अंश यस्तो छः–

स्वर्ग समान देश यो
जननी जन्मभूमि हो
यो क्रुर क्रीड़ा क्षेत्र यो
अत्याचार असह्य भो

पछाड़िएका स्वजातिले आफ्नो देशमा सहनु परेको यातना र देशको महिमा एउटै सांगलोमा उनेर देशको स्थितिप्रति चिन्ता व्यक्त गर्ने कवि हर्कजंगसिंह छेत्रीको आस्था र श्रद्धा कविहरूप्रति रहेको प्रमाण कविता 'कविप्रति'मा पाइन्छ । उनको धारणा अनुसार समाजको असली चित्रण कविले गर्न सक्छ अनि उसले आफ्नो अभिव्यक्तिद्वारा व्यक्त गरेको यथार्थहरू नै समाजलाई कुव्यवस्थाबाट उद्धार गर्ने पाइलाहरू हुन् । हर्कजंगसिंह छेत्रीका कवितालेखन भारतवर्षको स्वाधीनतापछि नै भएको भएपनि नेपालीहरू प्रायः जस्तो सैनिक, कोइलाखानीको मजदूर, चियाबारीको श्रमिक र अरू निम्नस्तरीय पेशामा अधिकांश रहेकोले व्यवस्थासित असन्तुष्ट रहेका स्वजातिका अवस्थाको प्रभाव कविमा प्रशस्त परेको प्रतीत हुन्छ । अत्याचार, शोषण र पीड़नले ग्रसित स्वजातिका भावना व्यक्त गर्दै कवि हर्कजंगसिंह छेत्री दलित वर्गका प्रतिनिधित्व गरिरहेको प्रमाण कविता 'कविप्रति' मा पाइन्छ । 'कविप्रति' को एउटा अंश हेरौं :–

चुस्छन् शोषित दलित वर्गको
ती जलुका शोषकले ॥३॥
ल लिप्त मानव निविड तिमिरमा

शोषित पीड़ित अवनी
भन्छिन् रोई कविलाई अनि
आफ्नो कलान्त कहानी ॥२॥

कवि मार्गदर्शक हो भन्ने धारणामा हर्कजंगसिंह अटल छन् । समाज–व्यवस्थामा आर्थिक, राजनैतिक, प्रशासनिक चपेटमा अनैतिकता र विश्रृंखलताले ठूलो भूमिका खेलेको हुन्छ र यस्तो परिवेशमा सभ्यताका किरणहरू टुक्रिएर हराउने गर्छन् । यसले गर्दा नैराश्य र असन्तुष्टिमा बाँच्न पर्ने समाजको बिकट अवस्था हुन्छ । यस्तो परिस्थितिमा कविलाई समाजको, मानव जातिको र युगको मागदर्शक भएर अघिआउन कवि हर्कजंगसिंह छेत्री आफ्नो कविता 'कवि'मा आह्वान गर्छन् । यसमा कविको यो युगमा परिवर्तन ल्याउने आह्वान छ ।

नव–उज्ज्वल ज्योति सुधाले,
मन–मानव स्वच्छ गराऊ ।
नव–चेतन प्राण भरी यो
युग सौरभ नव्य भराऊ ॥
कवि ! ज्योति नवीन जगाऊ ।

छन्दोवद्ध रूपमा कविता रच्ने हर्कजंगसिंहले सुधारवादी–धारणाहरूबाहेक सामाजिक धरातलका अरू विषयहरूमा कलम नचलाएको कारण प्रौढ़ताको आखिरी चरणमा पुगेर मात्र कलम समातेकोले पनि हुनसक्छ । अथवा अध्ययन–क्रमको समय सामाजिक धरातललाई सुदृढ़ बनाउनमा पुकारात्मक र सुधारवादी कविताहरूका बाढ़ चलेको हुँदा त्यसको गहिरो छाप परेको पनि हुन सक्छ ।

अन्यान्य सामाजिक विषयहरूले हर्कजंगसिंहलाई छुन नसके तापनि प्राकृतिक सौन्दर्य र मनोरमा प्रति उनी आकृष्ट देखिन्छन् । वसन्त ऋतुबाट अघोर प्रेरणा रहेको उनको कविता वसन्तागमको केही पंक्तिहरू यस प्रकार छन् :–

किशलय कमलिनी कुञ्जसरमा
वसन्त वायु बगीरहेछ
मिलनभाव रस घटमा लिएर,
भव वसन्त आइरहेछ ।
कुसुम गगनको पाएर कान्ति
कुमुद कुञ्ज हांसीरहेछ ॥

प्रौढ़ दृष्टिले समाजलाई हेर्ने हर्कजंगसिंह आफ्ना भावी पिढ़ीप्रति अति चिन्तित थिए । उनी स्वजाति, समाज र स्वदेशमा एउटा नैतिक परिवर्तन हेर्न चाहन्थे । भावी पिढ़ीको सुदृढ़ताप्रति आशावादी बन्दै उनी उपदेशात्मक कविता कोर्ने क्रममा सदैव

लगनशील रहेका पाइन्छन् । उनले जति पनि साहित्यिक पत्रिकाहरूमा आफ्ना कविताहरू प्रकाशित गरे, ती पत्रिकाहरूका नामैलाई कविताको शीर्षक दिएर प्रतीकात्मक रूपमा अभिव्यक्ति पोखेका छन् । उनको कविता 'प्रभात' पनि यस्तै एउटा नमुना हो–

नव–वाल 'प्रभात' बुझी शिशुको
गर बुद्धि ज्ञान विकाश प्रभो ।
नव वीर र धीर हुने पछि यो,
निज राष्ट्र सुनायक लायक हो ।

यसैगरी उनी कुनै पनि साहित्यिक पत्रिका होस् वा संकलन होस्, समाजमा आउने सुधारप्रति अति आशावादी थिए र उनको दृष्टिमा साहित्य नै एउटा मूल श्रोत हो जसले स्वजाति र स्वदेशलाई आफ्नो मूल्य–निधार्रण गर्न सन्तुलित स्थिति र मार्गदर्शनको मापदण्ड तयार पारिदिन्छ । 'साथी' नामक साहित्यिक पत्रिकाप्रति आफ्नो श्रद्धा र आस्था व्यक्त गर्दै उनी 'साथीप्रति' शीर्षक कवितामा लेख्छन्ः–

घरमा वनमा रणमा जनमा छौं
अनि ज्ञान र मान नवीन दिने हौं,
दुःखमा सुखमा अनि आपदमा छौं
झन देउ वसी शुभसाथ दिने हौं ।

हर्कजंगसिंह छेत्रीको लेखन–शैली कविता क्षेत्रमा प्रतिष्ठित भएका पारसमणि, धरणीधर आदिसित तुलना गर्दै आएका छौं । हर्कजंगसिंह छेत्री यी कविहरूका रचनात्मक प्रक्रियादेखि मुक्त थिएनन् । अनि यिनीहरूका कविता लेखन–प्रक्रिया नै उनको लेखनको मूल प्रेरणा–स्रोत हो भन्नमा अत्युक्ति नहोला । धरणीधर कोइरालाले उद्वोधन कवितामा स्वजातिलाई जगाउने–व्युंझाउने प्रयत्न गरेका छन् भने हर्कजंगसिंहले आफ्नो कविता 'उद्वोधन'मा शिक्षाप्रति अग्रसर हुने आग्रह गरेका छन् । धरणीधरको 'उद्वोधन' पहिलो विश्वयुद्धपछि एशियामा आएको राजनैतिक उथल–पुथललाई संकेत गरी स्वजातिलाई जागरूक गराउनमा अग्रसर भएको देखिन्छ भने हर्कजंगसिंह 'उद्वोधन' मा भारतवर्ष स्वाधीन भए पछि स्वजातिलाई सभ्यताको दिशामा अग्रसर बन्ने आग्रह छ । एक नमुना हेरौं :–

पाठ सत्य शिव सु, पढ़ पढ़ाऊ ।
लोभ, मोह दर्प, दूर भगाऊ ॥
पाठ विद्यामा चित्त लगाऊ ।
निशि अविद्या अब, दूर भगाऊ ॥
अनि पण्डित श्रेष्ठ, बन बनाऊ ।
शीर्ष समाजको, उच्च गराऊ ॥

जाति र समाज उच्च नैतिक र शिक्षामा अघि वड़ेको हेर्न चाहने हर्कजंगसिंह छेत्री मानव जीवनको महिमाप्रति पनि अति सजग देखिन्छन् । उनी मानव जीवनको मूल्यलाई अति उच्च दृष्टिले हेर्थे । यस्तो मूल्यवोधको जीवनलाई अनर्थमा व्यतित गर्न चाहने र कर्महीन जीवन यापन गर्नेहरूप्रति कविको तीखो व्यंग्य पाइन्छ ।

न गर्छ प्रसार निज गौरवको
न गर्छ अभिमान राष्ट्र निजको,
नर होइन त्यो नररूप पशु हो ।
मृतक समान छ जीवन त्यसको ॥

हर्कजंगसिंह छेत्रीका कविता धारा प्रायः देश, जाति र समाजको उन्नयनको निम्ति प्रवाहित भएको हुँदा उनी मानव जीवनमा आएको गतिहीनताप्रति अति चिन्तित रहेका छन् । समाज सुधारका भावनामा उनी अधिकांश बहेका छन् साथसाथै देश, समाज र जातिप्रति धेरै आशावादी पनि देखिन्छन् ।'आदर्श' पत्रिकामा छापिएको उनको 'आदर्शप्रति' शीर्षक कविताको भावना हेरौं–

'आदर्श' ले जन–जनमा
फलोस् सत शिव सुन्दर ज्ञान
आदर्श आदर्श लेखले
बनोस्– सुप्त समाज विद्धान् .

एउटै कवितामा अनेकौं छन्द खेलाउनमा हर्कजंगसिंह निकै सिद्धहस्त छन् । यसको उदाहरण कविता 'जीवन संघर्ष' हो । यस कवितामा पनि उनी जीवनप्रतिको धारणा प्रकट गर्छन् र जीवनको मूल्यहीन र निष्यक्रीयता प्रति चिन्ता व्यक्त गर्छन् । हर्कजंगसिंहका कविताहरू आह्वान, पुकार, सुधारवादी भावना आदिमा विशेष केन्द्रित भएका छन् र प्रायः एउटै प्रवाहमा बहेको पाइन्छन् । 'जीवन संघर्ष' पनि यस्तै एउटा कविता हो।

झंकार झनन गर्छ न मनले
टंकार टनन गर्छ न तनले (सुरसरी छन्द)
नगर्ने झंकार वीणा हियाको
न फुंकार गर्ने फणी झैं कलेजो (भुजङ्ग प्रयात)
त्यो तृण समान शव झैं जन हो ।
होइन मनुष्य अरू नै वरू हो ॥
श्वासविनाको मृतक जीवन हो ।
संघर्ष गर्न कतै जो हो अशक्त
संसारको बुझ हो त्यो भीरूभक्त (भीम छन्द)

कर्महीन समाजप्रति कविको भावना नैराश्यले ढाकिएको भएपनि देश, समाज र जातिप्रति आशावादी रहेका कवि हर्कजंगसिंह सांस्कृतिक एकता, साम्प्रदायिक एकताप्रति सजग हुँदै भारतवर्षको एक मुख्य उत्सव होलीलाई आफ्नो कविताको विषय बनाउँछन् । दार्जिलिंग पहाड़ी क्षेत्रका र भारतवर्षका विभिन्न क्षेत्रमा बसोवासो गर्ने नेपाली समाजको अस्तित्व–संरक्षणको निम्ति राजनैतिक दल गोर्खालीग स्थापना भएको थियो । त्यही दलको मुखपत्र 'गोर्खा'मा हर्कजंगसिंहको कविता 'होली' पनि प्रकाशित छ । भारतीय नेपाली समाज भारतीय सांस्कृतिक एकीकरणमा कसरी सामेल हुनसक्छ भन्ने भावना 'होली' कविताका निम्न पंक्तिहरूमा पाइन्छ :–

आऊ सबै मिली–जुली, यो होली खेलौं धूम मचाई
जातीय प्रेम पावन जलले, एकता अवीर रंग मिलाई
आऊ मिली–जुली, होली खेलौं धूम मचाई ॥
तनले मनले कर्मले सेवा सुधार गरौं समाजलाई
दम्भ र दर्प ईर्ष्या हटाई, होली खेलौं धूम मचाई ॥

एकता र समाज सुधारको भावना प्रखर भएको कविता होली पनि आह्वान र प्रचारले भरिएको छ । कवि हर्कजंगसिंह छेत्री कुनै पनि साहित्यिक पत्रिकाको आगमनलाई स्वागत गर्दै कविता कोर्नमा अग्रज देखिन्छन् । सन् १९५७ मा सर्वप्रथम प्रकाशित 'जनदूत'को वर्ष १ अंक २मा उनको 'शुभकामना' शीर्षकमा इन्द्रवज्रा छन्दमा एउटा कविता प्रकाशित छ । तर हर्कजंगसिंह आह्वान र प्रचारको भावात्मक लेखनको सांचाबाट मुक्त हुन सकेनन् । यस कवितामा पनि उनको यस्तै भावना देखिन्छ :–

स्वागत छ आऊ तब लेखनीले
साहित्य भाषा जनमा फिंजाऊ ।
आलोक भाषा जनमा फिंजाई
आऊ अविद्या निशि यो भगाऊ ।

स्वजातिलाई विद्या आर्जन गराउन र समृद्धिशाली हेर्न चाहने हर्कजंगसिंह आफ्नो आकांक्षालाई सधैं कविताको माध्यमबाट व्यक्त गर्न चाहन्थे । छन्दमा कविता कोर्नमा सिद्धहस्त भएका कविका अधिकांश रचनाहरू छन्दोबद्ध नै छन् । उनको 'विद्या पढौं' कविता पनि शार्दूलविक्रीड़ित छन्दमा छ । केही पंक्ति यस प्रकार छन्ः–

विद्या नै धन हो महान जगमा, हो वृक्षकल्पै सरी
विद्या हो शिव सत्य सुन्दर अझै, हो ज्ञान मनै यही । (२)
विद्या हो धन गुप्त हर्न कसले, सक्दैन यस्तै छ यो
विद्या मित्र परम विदेश दुःखमा, ठूलो हितैषी छ यो ॥ (२)

पत्र–पत्रिकाहरूमा प्रकाशित रचनाहरूवाहेक अधिवाट उल्लेख गरिएको उनका कविता संकलन 'हिमालय' मा परेका अधिकांश कविताहरू पनि स्वदेशभक्ति, स्वजाति र समाजलाई संकेत गरेर कोरिएका छन् । यस्ता केही कविताहरू वारे थेरथोर अधिवाट नै चर्चा गरिएका भएतापनि देशको एक साँचो भक्त, स्वजाति प्रेमी मार्ग निर्देशकको रूपमा उनले आफ्ना कविताहरूद्वारा प्रदान गरेका योगदानको मूल्यांकन स्वरूप 'हिमालय' भित्रका प्रमुख कविताहरू प्रस्तुत गर्न अति आवश्यक देखिन्छ यसो गर्दा उनको काव्य–प्रतिभा अझ स्पष्ट बन्न जान्छ । कविताहरू यस प्रकार छन्ः–

# सन्देश

भन्छ बादल हे जग !
बुझाऊ सबको तृष्णा ।
भन्छ हे जग ! कोइली
सुनाऊ मधुरो भाषा ॥१॥
भन्छ सुमन हे जग !
तिमी सदैव मुस्काऊ ।
शशि ताराहरू भन्छन्,
सदा अमृत वर्षाऊ ॥२॥
अवनी जननी भन्छिन्,
'एकता हि परम् वलम्' ।
आधार एकताको
बनाऊ राष्ट्र उत्तम ॥३॥
मिष्ट भाषणले सदा,
सबको क्लेश पन्छाऊ
सेवार्थ निज जातिको
अटल प्रेम दर्शाऊ ॥४॥

# परिवर्त्तन

परिवर्तन भो युगको बुझ यो,
अवनी अनि अम्वरको पनि भो ।
व्यवहार विचार हियो जनको,
नव रंग लिई परिवर्त्तन भो ॥१॥
नरजीवन कछु थाह छ के,
निज भू जनमा कछु प्रेम छ के ।
कछु ज्ञान छ के, परिवर्तनको
निज देश समाज र गौरवको ॥२॥
परिवर्त्तन भाव नवीन लिई,
नव रंग र दंग विचार गरी ।
अब लौ ! जन प्रेम विश्वास गरौं,
नव तान भरी, निज भार हरौं ॥३॥
नसमा जनको नवरक्त भरौं,
नव नव वास भरी, नव प्राण भरौं ।
नव दुर्वलता अब त्याग गरौं,
अनि जाग्रत उन्नत राष्ट्र गरौं ॥४॥
परिवर्तन भो युगको बुझ यो,
अवनी अनि अम्बरको पनि भो ।
व्यवहार विचार हिया जनको
नव रंग लिई परिवर्त्तन भो ॥५॥

# संसार

असतको हुन्छ जहाँ सम्मान
हुन्छ सतको जहाँ अपमान
हुन्छ जहाँ दीन हीनको हार,
त्यहाँ छ आजकलको संसार ॥१॥

छैन धर्मको नाम निशान,
दीन हीनको अनि कल्याण ।
जहाँ छ कलुषित अत्याचार,
त्यहाँ छ आजकलको संसार ॥२॥
शोषकको छ जहाँ सम्मान,
शोषितको छ जहाँ अपमान ।
शोषणको छ जहाँ व्यापार,
त्यहाँ छ आजकलको संसार ॥३॥
छैन जहाँ जनप्रेम प्रचार,
छ उच्च नीचको जहाँ प्रसार ।
न दीन हीनको छ कतै आधार,
त्यहाँ छ आजकलको संसार ॥४॥
जहाँ छ दीन हीनको चीत्कार,
छैन सुन्ने हाम्रो पुकार,
भोग विलासको, जहाँ भण्डार,
त्यहाँ छ आजकलको संसार ॥५॥

## मनःकामना

चाह छैन धनी हुनु,
बस्छु दीन भई बरू ।
न नेता हुनु चाह छ
बस्छु सेवक भै बरू ॥१॥
भव्य भवन मूर्तिको,
न उच्चासन चाह छ ।
चाह छ हुनु केवल,
सेवक दीन हीनको ॥२॥
छन्द अंग गरी भंग,

वेदंग रंगले भरी ।
न कवि हुनु चाह छ
छन्द शास्त्र विना पढ़ी ।।३।।
लेखक हुनु, चाह छ
सरस रचना रची ।
चाह छ हुनु सेवक,
सेवा साहित्यको गरी ।।४।।

## मंगल गान

सुनाउ मंगल गान ।
जीर्ण जगती जन जन मनमा
भराऊ नवीन प्राण ।
द्रोह मोह ईर्ष्या झूटको
मेटाऊ नाम निशान ।।
सुनाऊ मंगल गान ।।१।।
शोषक दैत्य दानवदलको
गराऊ अवसान,
अनित्य छद्म, छल, सब क्षय गरी,
फिंजाऊ प्रेमको ज्ञान
सुनाऊ मंगल गान ।।२।।
प्रकाश सत्य, शिव, सुन्दरले
जगाऊ सुप्त सन्तान ।
तिम्रो मंगलमय गतिले
ल्याऊ सुवर्ण विहान ।।
सुनाऊ मंगल गान ।।३।।

## सत्यम्–शिवम्–सुन्दरम्

बुझ मृण्मय हुँ अनि चिन्मय हुँ
भय मानव दानवको पनि हुँ ॥
चिर दुर्जय अक्षय अव्यय हुँ ।
अनि आदि अनादि अनन्त म हुँ ॥१॥
जगदीश्वर ईश्वर नाम म हुँ ।
अवतार विराज विराट म हुँ ॥
परमेश गणेश महेश म हुँ ।
अनि स्वर्ग र मृत्यु रसातल हुँ ॥२॥
बुझ, काल महा विकराल म हुँ
अनि जाल विशाल कराल म हुँ
अति धन्य र मान्य र पुज्य म हुँ
बुझ 'सत्य', 'शिव' अनि 'सुन्दर' हुँ ॥३॥

## नभन, गर

न भन्छ रविले रश्मि फिंजाऊँ ।
न भन्छ वादल वृष्टि गराऊँ ॥१॥
न भन्छ आँधी प्रलय मचाऊँ ।
न भन्छ जलले तृष्णा बुझाऊँ ॥२॥
न भन्छ वटवृक्ष छाया म दिन्छु
भन्दैन पुष्प म सुगन्ध दिन्छु ॥३॥
नाचेर मुजुर जनमन हर्छ ।
नभन, गर काम, तब नाम चल्छ ॥४॥

## जीवन

क्षणभरको यो मधुमय जीवन, छ क्षणिक यो संसार ।

दुःख मूल हो, सुख फूल जीवन, जीवन एक गुरू भार ॥१॥
श्रृङ्गार कुसुमित कुसुमको गरी, आउँछ चारू वसन्त ।
शुष्क पुष्पित कुसुम मुक कालिमा, झर्छ झंकार अनन्त ॥२॥
हुन्छ व्यतीत दिन पलक्षण यसरी, आउँछ वैशाख मास ।
दिवाकरको उत्तप्त किरणले, अवनि–उर गर्छ राख ॥३॥
नन्दनवन यो मानव जगमा, हौं हामी बनफूल ।
झर्नै पर्छ बनफूल जीवन, कैले सखे ! नभूल ॥४॥
छैन आश क्षणिक जीवन यो, मिथ्या यो संसार ।
मिथ्या जगको सुखमय जीवन, छ प्यार कटु अनि भार ॥५॥
तृष्णा ममताको धागोले, निर्मित जगको जाल ।
हुन्छ अवसान अज्ञानताले, धिक ! यो सुखमय काल ॥५॥

# मानव पुकार

(१)

आदि, अनादि, अनन्त आधार ।
छैन जहाँ यो झूटो माया,
छैन जहाँ सुख दुःखको छाया,
जहाँ छ जीवन कंचन काया,
कहाँ छ यस्तो विमल संसार
आदि, अनादि, अनन्त आधार ।

(२)

छ कुंज कानन सौरभ छर्ने
दल मधुप मधुर गुन्जन गर्ने,
सरवर सुन्दर सरिता बग्ने
कहाँ छ यस्तो विमल संसार,
आदि, अनादि, अनन्त आधार ।

(३)

छ शान्त, सुरभित समीर वग्ने,
पुष्प कुंज नव जीवन भर्ने,
पुकार दीन मानवको सुन्ने,
कहाँ छ यस्तो विमल संसार,
आदि, अनादि, अनन्त आधार ॥

## विद्या

विद्या छ सत्य शिव सुन्दर ज्ञान भर्ने ।
विद्या छ कल्पतरू झैं सब सिद्ध गर्ने ॥
विद्या सुधा सलिल झैं मन स्वच्छ गर्ने ।
विद्या छ देवरूप शक्ति र भक्ति भर्ने ॥१॥
विद्या छ गुप्त धन, सुन्दर देह पार्ने ।
विद्या महाधन, न चोर चकार लाग्ने ॥
भैयात भाई सबले न त बांड्न सक्ने ।
राजा र शत्रुदलले न त खोस्न सक्ने ॥२॥
विद्या विदेश दुःख आपदमा छ साथी ।
विद्या छ भोग, यश, कीर्ति र सौख्यकारी ॥
विद्या महाधन सरी अरू छैन केही
विद्या अमूल्य धनको महिमा छ भारी ॥३॥

## सुक्ति–सञ्चय

जब शान्तिविहीन छ जीवन त्यो,
त्यस जीवनको तब मोल छ के ? ।
जब कान्तिपना न छ यौवनमा,

त्यस यौवनको तव मोल छ के ?
जव प्रेम विहीन छ आदर त्यो ?
त्यस आदरको तव मोल छ के ? ॥१॥
जनमा फूटफाट अमेल भए,
रिस राग द्वेष अघोर भए
न छ विद्या प्रचार प्रसार त्यहाँ
छ अशिक्षित जाति समाज त्यहाँ,
त्यसको न छ आदर मोल कतै,
कसरी तब उच्च समाज हुने ॥२॥
धन दौलतले धनवान छ त्यो,
तर विद्या विहीन गरीब छ त्यो,
अनि विद्या विहीन गंवार छ त्यो,
त्यस दौलतको तब मोल छ के ? ॥३॥

# कवि र कविता

होस् मंजु माणिक झैं वर्ण, झलझली झल्किएको ।
होस् सौरभ सुगन्ध भई, शब्द फैलिएको ॥
होस् प्रतिभा प्राण कविको, प्रतिविम्ब भै बसेको ।
होस् भावको भरमा, मधुराग सुनाइरहेको ॥१॥
होस् अनि अंकित चित्रचल, प्रसंग पनि पढ्दैमा ।
जागोस् जीवनको ज्योति, कविता त्यो सुन्दैमा ।
गावोस जन–जनले जसै पनि, कविको कविता रत्यो ।
जागोस् ज्योति जागृतिको यस्तो होस् कविता त्यो ॥२॥

# कामना

चाह छैन हिमाल भई,
विशाल भव्य भाल हुनु ।

चाह छैन भास्कर भई,
भानु किरण फैलाउनु ॥१॥
चाह छैन वनदल भई,
वर्खा मैले ल्याउनु ।
चाह छैन झरना भई
झर–झर गर्दै झर्नु ॥२॥
चाह छैन धनाढ्य भई,
अभिमान धनको गर्नु ।
चाह छैन शोषक भई,
समाजको रगत चुस्नु ॥३॥
चाह छैन नेता भई,
वक्ता, मात्र भै हिँड्नु ।
चाह छैन कोइली भै
कुहु–कुहु गरी बस्नु ॥४॥
प्रभो ! चाह छ पुष्प भई
नव जीवन अब पाऊँ ।
प्रभु पदमा शोभित भई,
धन्य, धन्य कहलाऊँ ॥५॥

## प्रेम

प्रेम पुजनीय हो, प्रेम भगवान ।
प्रेमले जीवित छ, जगत–प्राण ॥२॥
प्रेम संगीतमय, प्रेम निर्वाण ।
प्रेमको स्वर्गीय, हुन्छ सन्मान ॥२॥
प्रेम चैतन्य हो, प्रेम ईमान ।
क्षणभर जीवनको, प्रेम छ निशान ॥३॥
प्रेम परमानन्द, प्रेम छ महान ।
गर प्रेम पूजा तब, हुन्छ कल्याण ॥४॥

प्रेम परम पावन हो धीरधाम ।
पूजनीय प्रेम हे ! शतत प्रणाम ।।५।।

## आँसु

व्यथित उरमा बादल छाई,
आँशु भै झर्छ पानी ।
मोती झैं थोपा थोपा,
व्यथा उरको भै निशानी ।।१।।
झर्छ थोपा थोपा भई
दृगहार त्यो अश्रु पानी ।
नयनका ती टल–टल दाना,
असल मोती हो, कि पानी ।।२।।
मनको व्यथा मनमा राखी,
आँसु झैं झर्ने बानी ।
नलेउ, यस्तो बानी, आँसु
भन, तिम्रो आत्म–कहानी ।।३।।

## धर्म

न छ अंकित धर्म शिवालयमा
न छ मन्दिरमा भजनालयमा
न छ अंकित धर्म तपोवनमा
न छ कीर्तन पुस्तक पाठनमा ।।१।।
न छ अंकित पाति र अक्षतामा
न छ भस्म भभूत र चन्दनमा
न छ दान र मान पूजा जपमा
न छ अंकित तीर्थ तपोवनमा ।।२।।

छ सुअंकित धर्म दयापनमा
अनि प्रेम उदार क्षमा पनमा ॥३॥

## कविता

कवि हो कविता, कविता कवि हो ।
कविता सविता, सविता कवि हो ॥१॥
कविता छ कता, न यता न उता ।
मन ता सुसरवा, कवि नै छ कता ॥२॥
महिमा कविता, कविको मोहमा
कवि नैं छ जता, कविता छ त्यता ॥३॥

## हिमालय–दृश्य

गिरिराज हिमालय पर्वत यो ।
हिम–शोभित सुन्दर पर्वत यो ॥
अति शौम्य मनोहर शैल अहो ।
शुभ शीर्ष हिमालय भारतको ॥१॥
अति सुन्दर कंचन शैल शिखा ।
धवल सुमनोहर दृश्य छटा ॥
सरिता सर सुन्दर निर्झरणी ।
जल पावन मानसरोवरको ॥२॥
बन कानन कुंज मनोज्ञ यहाँ ।
तरू पुष्पित चाँप गुराँस यहाँ ॥
भमरा अनि भृङ्ग पतङ्ग यहाँ ।
रस पान गरी मदमस्त यहाँ ॥३॥
अति रंग विरंग विहङ्गहरू ।

कल कोकिल कुंजन गर्छ यहाँ ॥
जलहंस–कर्‍याङ–कुरूङ्ग चरा ।
पनि गर्छ अहो ! जलक्रीड़ा यहाँ ॥४॥
मृदु शैल समीरण बग्छ यहाँ ।
मन मानव हर्ष प्रफुल्ल गरी ॥
जनमा नव जागृति गायनले ।
सरिता झर बग्छ झंकार गरी ॥५॥
गिरिराज हिमालय पर्वत यो ।
हिमशोभित सुन्दर पर्व यो ॥
अति सौम्ये मनोहर शैल अहो ।
शुभ शीर्ष हिमालय भारतको ॥६॥

## हाम्रो आह्वान

हे भगवान !
हामी नादान, तिम्रो सन्तान,
गर्छौं आह्वान,
गर हामीलाई शीघ्र प्रदान,
यस्तो ऐश्वर्य, यस्तो सम्मान,
गर्न सकौं, कस्तै,
जटिल जातीय समस्याहरूको
सुसमाधान ।
हे भगवान !
देऊ यस्तो शक्ति सहन,
होस् कस्तै
हाम्रो शोषण, दलन,
अनि कस्तै,
दुस्सह पीड़ाको भारलाई,

गर्न सकौं सहन,
देऊ, यस्तो शक्ति जातीय उत्थान,
हिंड्न डुल्न सकौं निर्भय,
हँसमुख, सानन्द, ससम्मान,
स्वतन्त्रताको स्वच्छ
निर्माल्य पवनमा
देऊ, यस्तो वरदान,
यही हाम्रो आह्वान
हे भगवान !

## वन्दना

हे दीनबन्धु ! हे भगवान
हामी तिम्रा हौं सन्तान ॥
हाम्रो स्वदेश, हिन्दुस्तान ।
सुन्दर उन्नत, देश महान ॥१॥
निशि दिन गर्छौं, तिम्रो ध्यान ।
गाउँछौं नित्य, तव गुणगान ॥
दुःखमा सुखमा, तिमी एक समान ।
बलहीनको, हौ तिमी प्राण ॥२॥
हौ अनाथको, तिमी नाथ ।
दुःखमा सुखमा छौ, हाम्रो साथ ॥
अन्तर्यामी, दीन दयाल ।
दीन हीनको, हे प्रतिपाल ।.३॥
मूढ़ छौं हामी हे भगवान ।
आउ ! देऊ सुमति सुज्ञान ॥४॥

## युग आह्वान

होस् भूमि कम्पायमान,
बोलोस् शैल पाषाण,
होस् चूर्ण चूर्ण चट्टान
छिन्न–भिन्न तीव्र तूफान,
होस् यस्तो युगको गान ।
होस् यस्तो युग–आह्वान ॥१॥
तृण तरूवर फूल फूल,
अवनी अम्बर कूल कूल
नहोस् कोही नन्दित अव
जयकारले गुन्जोस् सब,
होस् यस्तो युगको तान
होस् यस्तो युग–आह्वान ॥२॥
राष्ट्रहित निमित्त नित्य,
गरोस् सहर्ष अर्पण प्राण,
सही आपद नसही अपमान,
राखोस् आफ्नो मान–सम्मान
होस् यस्तो मौत महान ।
होस् यस्तो युग–आह्वान ॥३॥

हर्कजंगसिंह छेत्रीले भगवानको अघि आफूलाई साक्षी राखेर होस् वा भक्तिभाव देखाएर होस् व्यक्तिगत गुनासो र आकांक्षालाई कविताको माध्यमद्वारा प्रकाश गर्ने प्रयास गरेको कहीँ देखिएन । उनले आफ्नो कवि–चैतन्यलाई जनचेतनाको ढाल बनाएर पछौटे रहेको समाजलाई प्रगतिको दिशामा अग्रसर बन्ने आग्रह मात्र गरेको देखिन्छ । उनले मानव जीवन र मानव जीवनको मूल्यलाई सुगमदृष्टिले नियालेर यस विकसित संसारमा आफ्नो देश, जाति र समाजको सुसंस्कृत परिणति खोज्ने दिशामा सदैव सजग रहन चाहेको पाइन्छ ।

जागरूकताको संदेश फैलाउन चाहने हर्कजंगसिंह छेत्रीको काव्य–प्रतिभा उनको युवाकालमा विकसित हुनमा कतिपय अड़चनहरू देखा परे तापनि उनले आफ्नो साहित्य लेखनकालमा जाति र समाजको निम्ति आफूले अनुभव गरेका अभावहरूका पूर्तिका

निम्ति जुन साहित्य लेखनको प्रक्रिया प्रस्तुत गरे त्यो एउटा उपमहादेशको अल्प–संख्यकको साहित्य एवं संस्कृतिको निम्ति महत्वपूर्ण योगदान हो । राष्ट्रीय हितको निम्ति देशवासीलाई आह्वान गर्दै आफ्नो जाति र समाजलाई पनि घच्घचाउँदै कविताका पंक्ति–पंक्तिमा चित्कार गर्ने हर्कजंगसिंह छेत्री भविष्यप्रति धेरै आशावादी थिए भन्नको निम्ति उनका निम्नलिखित कविताहरू लिन सकिन्छ ।

## नयाँ बर्ष

नयाँ बर्ष आयो, नयाँ बर्ष आयो ।
नयाँ बर्षले नयाँ, कविता सुनायो ॥
नव भेष भूषाले, नव वर्ष आयो ।
नयाँ हर्ष विमर्श, जनमनमा ल्यायो ॥
बन–कुंजमा हर्ष, हरियाली छायो ।
कुहू–कुहू गरी कुंज, कोकिल गायो ॥१॥
नयाँ पुष्प पंकज, पदम फुलेर ।
पराग पुण्य–पुंजमा, भ्रमर भुलायो ॥
नयाँ शैल सुरभित्र, समीरण उड़ेर ।
नयाँ सास सौरभ, जनमा भरायो ॥२॥
झर्झर गर्दै झरना, नयाँ झरेर ।
नव उमगं लहरली, टिस्टा बगेर ॥
नव गीत समाज–हित, गाउँदै बढेर ।
नव चेतना भव्य, उत्कर्ष ल्यायो ॥३॥
छम–छम गर्दै नर्तन, प्रकृति परीले ।
नव प्रेमभावको, नव गीत सुनाई ॥
नयाँ प्रेमीतालमा, प्रकृति नटीले ।
नाचेर कविमन, झन रसमय गराई ॥
नयाँ बर्ष आयो नयाँ बर्ष आयो ।
नयाँ बर्षले नयाँ कविता सुनायो ॥४॥

नयाँ बर्षमा देखा पर्ने प्राकृतिक परिवर्त्तन र रमाइलोपनमा कवि हर्कजंगसिंह छेत्री

आफ्नो कवि–चैतन्यलाई झलमल बनाउने प्रेरणा एकातिर प्राप्त गर्छन् भने अर्कोतिर यही भावनालाई आधार बनाउँदै प्राकृतिक सौन्दर्यमा मुक्तिको आभास पोख्ने अभिव्यक्ति 'नूतन वर्ष' कवितामा यसरी पोख्छन् :–

## नूतन वर्ष

आनन्दमय हो यो वर्ष नूतन ।
होस् मुक्त, जनको शोषण पीड़न ॥
हौं हामी शैल भूस्वर्गमा सुमन,
शैल श्रृङ्ग रंग सुगन्ध जीवन ।
स्वच्छन्द शैल कंचनतरूण यौवन,
हिम शोभित हाम्रो भूस्वर्ग सदन ॥१॥
भूस्वर्ग नूतन वसन्त किरण,
ज्योतित शैल सरित कानन उपवन ।
पुष्पित पुंज–पुंज प्रमुदित हर क्षण,
पुंज–पुंजमा भ्रमर मृङ्ग मगन ॥२॥
झन् कोकिल कूजनमा आकर्षणमा,
नूतन तरूण यौवन पुलकित नयन ।
बहन्छ कंचनहिम मृदु मलय पवन,
छ स्वरमा सुर अनितालमा चरण ॥
आनन्दमय होस् यो वर्ष नूतन ।
होस् मुक्त, जनको शोषण पीड़न ॥३॥

'नयाँ बर्ष' मा होस् वा 'नूतन वर्ष' मा हर्कजंगसिंहको प्रत्यक्ष संकेत बसन्त ऋतुको प्राकृतिक महिमा र उद्दीपनमा नै देखा पर्छ । कवि हर्कजंगसिंह छेत्रीले ऋतु बसन्तलाई लिएर विभिन्न शीर्षकहरूमा आफ्ना उद्‌गारहरू यसरी पोखेका छन् :–

## नव वर्ष वसन्त

नव वर्ष प्रवेश भयो अब यो ।
निज अम्बर भू सुवसन्त भयो ॥

जनभेष र भाव नवीन भयो,
जनमा नव हर्ष तरङ्गित भो ।
मनमानव होश नवीन भयो,
नवीन जोश अहो ! जनमा भरियो ॥
अव कोश र तोष र रोष नयाँ,
जन जीवन यौवनको पनि भो ।
जनजीवन राग र फाग नयाँ,
युग–ज्योति नवीन प्रकाशित भो ॥
नव वर्ष प्रवेश भयो अव यो ।
निज अम्वर भू सुवसन्त भयो ॥

## वसन्त

ऋतुराज सुवसन्त आयो ।
पुष्पित पलुवित वनउपवनमा, सुराज वसन्त छायो ।
दलभ्रमर कुमुद कुंजमा, मधुपान गर्न लाग्यो ॥
लय वसन्तले तरू काननमा कोकिल, गाउन थाल्यो ।
रंगीत टिस्टा सरिता सरसर, सतरंग बग्न लायो ।
ऋतुराज सुवसन्त आयो ॥
खहरे पगला निर्झर झरझर, सउमंग झर्न थाल्यो ।
रंग विरंग विहंग नभचर, गगनमा उड़न थाल्यो
जागृति सन्देश नव वर्षले जनमन हर्ष गरायो
ऋतुराज सुवसन्त आयो ।

## ऋतुराज वसन्त ! वसन्त अहो !!

बनकिंशुक चारू गुलाब अहो ।
अति शोभित सुन्दर कानन भो ।
वनमा अति चित्र विचित्र चरा,

मृदु तान मनोहर कोकिलको ।।
ऋतुराज वसन्त ! वसन्त अहो !! (१)
मृदु मन्द वसन्त समीर यहाँ,
अनि शीतल श्वास भरी जनमा ।
मधुपान गरी मदमस्त भई,
दलमृङ्ग पतङ्ग उमङ्ग अहो !!
ऋतुराज वसन्त ! वसन्त अहो !! (२)
सुवसन्त यहाँ मुसकान गरी,
शिव, सत्य र सुन्दरता भरी ।
जन अङ्ग प्रत्यङ्ग उमङ्ग गरी,
चहुंदेश दिशान्त वसन्त भयो ।।
ऋतुराज वसन्त ! वसन्त अहो !! (३)

## वसन्तागम

किशलय कमलिनी कुञ्जसरमा, वसन्त वायु बगीरहेछ ।।
मिलन–भाव–रसघटमा लिएर, भव वसन्त आईरहेछ ।
कुसुम गगनको पाएर कान्ति, कुमुद कुञ्ज हाँसीरहेछ ।।
किशलय कमलिनी कुञ्जसरमा, वसन्त वायु बगीरहेछ ।।
पन्चम स्वरमा पन्छी पखेरू , लय वसन्त गाइरहेछ ।।
मृदु मन्द वायु सेवन गरेर, नील नभमा उड़ीरहेछ ।।
किशलय कमलिनी कुञ्जसरमा, वसन्त वायु बगीरहेछ ।।
कुन्ज–कानन शयन सुमनले, सज सुरभि सजाइरहेछ ।
वसन्त यामिनी स्मित गरेर, कामिन कला छलीरहेछ ।।
किशलय कमलिनी कुञ्जसरमा, वसन्त वायु बगीरहेछ ।।
सरोज सरमा स्फुटन भएर, चक्ष चकोर हेरिरहेछ ।
स्वागत गर्न सुवसन्तलाई, आतुर अतीव भईरहेछ ।।
किशलय कमलिनी कुञ्जसरमा, वसन्त वायु बगीरहेछ ।।

# मधुमय वसन्त

नव मधुमय वसन्त आयो
नवीन जागरण बन सन्देश, जन उपवनमा ल्यायो ।
अम्वर नव्य किरण अवनीमा अम्बर अम्वु बर्सायो
किशलय कली नवीन अधरमा, रंग हसिलो छायो
गुन्जन गरी मधुर भवंरादल पुष्प आँगन गुँथायो
नव मधुमग वसन्त आयो ।
कुहु गरी कोइली नेउली चचंल चांचर फिस्टा
उमंग तरंग राग मधुरले बग्छ रंगीत टिस्टा
सुरभित मंदिर वसन्त पवनले, जनमन हर्ष गरायो
नव मधुमय वसन्त आयो ।
हरित द्रुम तरूवर उपवनमा, प्रकृति परी मुस्कायो
मनोज मन्द मृदु मुस्कानले सुराज्य वसन्त छायो
शुष्क शोषित जीवन सरितमा नव तरंग लहरायो
नव मधुमय वसन्त आयो ।

# ऋतुराज वसन्त

आयो नव ऋतुराज वसन्त ।
विपिन बन कानन कुंज कुंज,
पदम पुष्प रेणु पुंज पुंज,
भ्रमर भृङ्ग गरी गुंज गुंज
गर्छ पान मधुमय मकरन्द ।
आयो नव ऋतुराज वसन्त ॥१॥
मंजु मंजरी कानन कुंज,
कुहु कुहुको मधुरो गुंज
स्वर पन्चममा कोकिल गीत
गर्छ जनमन हर्ष स्वच्छन्द

आयो नव ऋतुराज वसन्त ।।२।।
शैल सरोवर सरिता नीर,
सुरभित शुभ्र हिमाल समीर,
पुष्प गुलाव गुराँस सुगन्ध,
हर्ष हरियाली देश दिगन्त
आयो नव ऋतुराज वसन्त ।।३।।
नभचर नभमा पनि स्वतन्त्र,
जलचर जलमा पनि स्वतन्त्र,
थलचर थलमा अनि स्वतन्त्र,
जनमा हर्ष वसन्त अनन्त ।
आयो नव ऋतुराज वसन्त ।।४।।

देशभक्ति, स्वजातिप्रेम एवं समाजलाई आह्वान गर्न समर्पित भएका एवं सदैव जागरूक रहेका कवि हर्कजंगसिंह छेत्री राजनैतिक चेतनाले होस् वा सामाजिक सचेतताले होस् राष्ट्रवादी कवि नै हुन् । अझ उनले देश, समाज र जातिलाई प्रकाशमान बनाउने दिशामा जुन प्रगतिशील भावना वुलन्द गर्ने प्रयत्न गरेका छन् त्यसबाट उनी स्वतन्त्र चिन्तक पनि थिए भन्ने कुरो स्पष्ट हुन्छ ।

# उपसंहार

उमेर र लेखन शैली हेर्दा स्व. हर्कजंगसिंह छेत्रीका कृतिहरू डा. पारसमणि प्रधान एवं स्व. धरणीधर कोइरालाका समकालिक देखिए तापनि प्रकाशित रूपमा भारतवर्षको स्वाधीनता पछिबाट देखा पर्न लागेका हुन् । छन्दोवद्ध कविता कोर्नमा सिद्धहस्त रहेका कवि हर्कजंगसिंह छेत्रीले उनको जीवनको उत्तरार्द्धमा आएर गद्य कवितामा कलम चलाए तापनि उनको भावना र लक्ष्य देश, समाज, जाति बाहेक आफ्नो परिवेशप्रति झ्यांगिएको पाइन्छ । उनको गद्य कविताको एउटा नमुना यस्तो छ :–

हेर ! यो बोल्न नसक्ने
लाटा, शक्ति नभएको
मलजल आहारविनाका
नेपाली चिया बोटहरू
एकदिन फिर्नेछ अवश्य
ल्याउनेछ सुनौला भविष्य
काया फिर्नेछ दुःखिया जीवन
फिर्नेछ निश्चय
चाँडै आउनेछ
शुभ मंगलको दिन ।

राष्ट्रीयतालाई अंगालेर कविले देशबासीहरूलाई देशभक्तिको भावनाले घच्घचाउन एकातिर भारतवर्षका महान स्वाधीनता सेनानीहरूका स्वार्थत्याग, वलिदान र योगदानको उल्लेख गर्दै भावी पिढ़ीलाई ती व्यक्तित्वहरूका आदर्श पालन गर्न परोक्ष रूपमा आग्रह गर्छन् भने अर्को भाषा र साहित्यका अग्रज कविहरूका गौरव र महिमाको प्रशंसा गरी जातिलाई निज भाषाप्रेमप्रति नतमस्तक रहन आग्रह गरिरहेको देखिन्छ ।

हर्कजंगसिंह छेत्रीका कविताहरूका लेखा–जोखा गर्दा उनी 'उद्वोधन'का कवि धरणीधर कोइरालासित अधिकांश रूपमा समानान्तर देखिन्छन् । कवि धरणीधर कोइराला

झैं समाज र जातिलाई घच्घचाउने उपदेशात्मक र सन्देशात्मक कवितामा उनको सचेतता र अनुराग दर्शिएका छन् ।

कवि हर्कजंगसिंह छेत्रीले प्रशस्त मात्रामा आफ्ना कृतिहरू समाजलाई प्रदान गर्न नसके तापनि जागीरबाट अवकाश प्राप्त गरेपश्चात् आफुलाई साहित्य सेवामा अर्पण गरेर जे जति समाजलाई योगदान गर्ने चेष्टा गरे त्यो कम छैन । प्रा. बाबुलाल प्रधान कवि हर्कजंगसिंह छेत्रीका कविता संकलन 'हिमालय' को भूमिकामा यसो भन्छन् :– शिक्षा विभागबाहेक अरू कर्मचारीहरूले साहित्यको सेवा गर्न सक्दैनन् भन्ने मानिसहरूले श्री छेत्रीज्यूको साहित्यिक प्रयास अनुकरण गर्न योग्य छ । साँच्चै भाषा र साहित्यसित संलग्न रहेका शैक्षिक पेशावार भएका व्यक्तिहरूका निमित्त साहित्य–लेखन विषय जुनसहुलियत उनीहरूलाई प्राप्त हुन्छ त्यो हर्कजंगसिंह छेत्रीलाई उपलव्ध हुन सकेन । हुलाकी विभाग जस्तो व्यस्त रहने विभागमा कार्यरत रहेर पनि साहित्यप्रतिको मोह र अध्ययनप्रति दृढ़ चासो भएको हुँदा हिन्दी साहित्य रत्न र साहित्यालंकार जस्ता परीक्षाहरू प्रथम श्रेणीमा उत्तीर्ण भई आफ्नो भाषा र साहित्यलाई गहनता प्रदान गर्दै विभूषित गर्ने सक्षमता उहाँको दृढ़ संकल्पको प्रंशसनीय नमुना हुन् ।

कविता–लेखनको दृष्टिकोणले हर्कजंगसिंह छेत्री राष्ट्रवादी, समाजसुधारक, जातिप्रेमी र उपदेशकका रूपमा देखा पर्छन् भने उनका केही कविताहरू जीवनको गुणगान गर्न र प्रकृति प्रेम दर्शाउनमा पनि सक्षम रहेको पाइन्छ । कवि हर्कजंगसिंह आफ्ना कविताहरूमा प्रकृतिप्रतिको अभिव्यक्ति पोख्दा ऋतु वसन्तलाई चेतना र जागरूकताको प्रतीक मानेको पाइन्छ ।

स्व. हर्कजंगसिंह छेत्रीको अर्को व्यक्तित्व हो संगीतकार । संगीतप्रतिको प्रेम र अध्ययन उन्नयन तुल्याउन उनले 'संगीतभूषण' जस्ता उपाधि हासिल गरेका थिए । हर्कजंगसिंह छेत्रीको संगीतबारे चर्चा गर्दा उनले अरूका रचनाहरू संगीतवद्ध गरेका छन् अनि गीतकारको रूपमा उनका रचनाहरू दुलाल प्रधानले संगीतवद्ध गरेका छन् । गीतकारका रूपमा उनका गीतहरू विशेष गरी अध्यात्मवादमा आधारित देखा पर्छन् । उनले आफ्ना गीतहरूमा देवीलाई आराधना गर्दा पनि देश, जाति र समाजको दुर्वल प्रवृतिहरूप्रति आँट र बलको कामना राखेको पाइन्छ । गीत होस् वा कविता, जनजीवनमाझ जागरण ल्याउने माध्यम साहित्य नै हो भन्ने आस्था कवि हर्कजंगसिंह छेत्रीको अन्तर्तहमा गाड़िएर बसेको पाइन्छ ।

निबन्धकारको रूपमा पनि उनले देश, जाति र समाजको परिधि नाघेर कलम चलाएको देखिन्न । मनोबल र दृढ संकल्प नै उनको प्रेरणाको स्रोत भएको हुँदा जागीरे

कालमा कतिपय सरकारी प्रतिवन्धहरू भित्र उकुसमुकुस भएर बस्नु परे तापनि अवकाश प्राप्तिपछि उनलाई कसैले रोक्न सकेन । उनले अप्नाएका हरविधामा जातीय परिवेशलाई केन्द्रित गरेर साहित्य सृजना गर्दा देश, समाज र जातिका भावनाले प्रेरित भएको हुँदा सृजनशील साहित्यकारको प्रतीक स्वरूप हर्कजंगसिंह छेत्री स्मरणीय रहेको पाउन सकिन्छ । देशभक्तिप्रति आस्थावान कवि हर्कजंगसिंह छेत्रीलाई भारतवर्षका राष्ट्रीय कविहरूका समक्ष प्रतिष्ठित गर्नमा अन्यथा नहोला । देशबासीलाई राष्ट्रीयताको आह्वानले सजग राख्ने उनको प्रयास स्तुत्य छ ।

विश्वको हरेक व्यक्तिले आफ्नो जीवनलाई मनन गर्दा रोशनी र अन्धकार पाटापाटा भएर देर्खा पर्नसक्छ । हर्कजंगसिंह छेत्री पनि 'जीवन' लाई यसरी हेर्छन् :-

क्षणभरको यो मधुमय जीवन छ क्षणिक यो संसार
दुःख मूल हो, सुख फूल जीवन, जीवन एक गुरू भार ।

Indian Institute of Advance...
116977
8/12/04
SHIMLA